# बित्थडचिर गाउँपालिका
# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
# २०८२




**बित्थडचिर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय बझाङ,**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

योजनाको नामः स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
(Local Disaster and Climate Resilance Plan: LDCRP)
प्रकाशकः बित्थडचिर गाउँपालिका, बझाङ
आर्थिक प्राबिधिक सहयोगः संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA)
साझेदारः नेपाल रेडक्रस सोसाइटी
सर्वाधिकारः बित्थडचिर गाउँपालिका, बझाङ
तयारी/अद्यावधिक वर्षः २०८२

# जिल्ला समन्वय समिति प्रमुखको भनाई

जिल्ला समन्वय समिति
चैनपुर, बझाङ

प.स.२०८२/८३ च.न. मिति: २०८२/०७/११

शुभकामना

स्थानीय सरकार संचालन ऐन २०७४, जारी विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापनलाई स्थानीय तहसम्म विस्तार गरी स्थानीयतहका सबै विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नको लागि स्थानीय विपद् जोखिम व्यवस्थापन योजना आवश्यक हुन्छ । दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न विपद् जोखिम व्यवस्थापनलाई मुलप्रवाहीकरण गर्नु अत्यावश्यक रहेको छ ।

बित्थडचिरगाउँपालिका विपद् जोखिमका दृष्टिकोणबाट उच्च संकटासन्न अवस्थामा रहेको छ । हालका दिनहरुमा विपदका घटनाहरुमा तिव्र रुपमा पुनरावृत्ती भैरहको छ । स्थानिय स्तरमा सम्भावित विपद् जोखिम पहिचान गरि सो अनुकूल पुर्वतयारी गरि सम्भावित विपदका बेलामा हुनसक्ने क्षतिलाई न्युनीकरण गर्नका लागि आवश्यक प्रयास गर्नपर्ने टड्कारो आवश्यकता भै सकेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान अनुसार सम्पन्न स्थानीय तहको निर्वाचन बाट गठन भएका स्थानीय सरकारसंग नागरिकका असंख्य अपेक्षा रहेकाछन र ती अपेक्षाहरूलाई साकार पार्न स्थानीय सरकारको पहिलो प्राथमिकता हुनुपर्दछ।

तसर्थ विपद उच्चजोखिममा रहेको बित्थडचिरगाउँपालिका दिगो बिकास र विपद् पुर्व तयारी र व्यवस्थापनमा टेवा पुगाउनका लागि स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना तयार गरि कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ । साथै वास्तविक रुपमा विपद् पुर्वतयारी तथा व्यवस्थापन गर्ने विषयमा ज्ञान, सिप र क्षमतामा विकास गर्नुपर्ने आवश्यकता छ । विपद् पछिको कार्यमा मात्र केन्द्रित हुनु मात्र नभई विपद् व्यवस्थापनका तिनवटा चरणहरुलाई केन्द्रित गरि गर्नुपर्ने क्रियाकलापहरुलाई अगाडी बढाउनु पर्ने नितान्त आवश्यकरहेको हुँदा यो स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना तयार गरिएकोमा खुशी लागेकोछ । यस योजना तयारीका क्रममा आवश्यक सहयोग, सल्लाह तथा नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने बित्थडचिरगाउँपालिका, सयुक्त राष्ट्रसंघीय जनसंख्या कोष, नेपाल रेडक्रस सोसाइटीलाइ धन्यबाद दिन चाहन्छु । बित्थडचिरगाउँपालिकाको स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना तयारीका क्रममा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु हुनेसयुक्त राष्ट्रसंघीय जनसंख्या कोष र नेपाल रेडक्रस सोसाइटीलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको प्रभावकारी कार्यान्वयन हुनेमा पूर्ण बिश्वाश गर्दछु।

नर बहादुर बोहरा
प्रमुख, जिल्ला समन्वय समिति, बझाङ

नर बहादुर बोहरा
जि.स.स.प्रमुख

# प्रमुख जिल्ला अधिकारीको भनाई

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय
चैनपुर, बझाङ

प.सं. २०८२।०८३
च.नं.

(स्थानीय प्रशासन शाखा)

मिति: २०८२/०७/११
ने.सं.११४६, कछलाथ्व ६ मंगलबार

## शुभकामना

विपद् व्यवस्थापनका सबै क्षेत्रको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपद्‌बाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक तथा निजि सम्पति, प्राकृतिक तथा साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुरुप संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको आर्थिक र प्राविधिक सहयोग तथा नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा बित्थडचीर गाउँपालिकामा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०८२ बनेकोमा बझाङ जिल्लाको प्रमुख जिल्ला अधिकारीको हैसियतले म लगायत जिल्ला प्रशासन कार्यालय बझाङको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०७५ ले व्यवस्था गरेअनुसार विपद् व्यवस्थापनलाई स्थानीय तहमा पुर्याउनु र यसलाई स्थानीय तहका सबै बिकास नीति तथा कार्यक्रममा समेट्नु आवश्यक छ। यसै कारण स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको महत्व रहेको छ। साथै, दिगो बिकास लक्ष्यले तोकेका लक्ष्यहरू प्राप्त गर्न विपद् जोखिम व्यवस्थापनलाई सुधारु गर्नु अपरिहार्य छ। बित्थडचीर गाउँपालिका प्राकृतिक स्रोतमा भरीपूर्ण भएता पनि पहिरो, भूकम्प, आगलागी, चटयाङ, हिमपात, महामारी आदीमा उच्च जोखिममा रहेको पालिका हो । स्थानीय अनुकल योजनाको राष्ट्रिय संरचना, २०७६ मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन क्षेत्रमा पूर्वतयारी रोकथाम, प्रतिकार्य, पुर्नरस्थापना र पुर्नरनिमार्ण कार्यलाई विशेष महत्व दिइ विकास नीति तथा कार्यक्रममा विपद् व्यवस्थापनलाई मुल प्रवाहिकरण गर्नुपर्ने यर्थाततालाई आत्मसाथ गरी स्थानीय स्रोत साधन तथा क्षमताको अधिकतम परिचालन गरी यो बित्थडचीर गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना, २०८२ कार्यन्वयन हुने विश्वास राखेकोछु ।

अन्तमा योजना निमार्ण गर्नमा सहयोग पुन्याउनु हुने बित्थडचिर गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समिति, UNFPA, नेपाल रेडक्रस सोसाइटी र अन्य महत्वपुर्ण निकाय र व्यक्तिहरुलाई हार्दिक धन्यवाद गर्दछु ।

कैलाश बहादुर ठकुराठी
प्रमुख जिल्ला अधिकारी
अध्यक्ष, जिल्ला विपद् व्यवस्थापन समिति
प्रमुख जिल्ला अधिकारी



☎ ०९२-४२१०१३ प्र.जि.अ., ०९२-४२१०१० स.प्र.जि.अ., ०९२-४२१३०५ Ext., email daooffice71@gmail.com, website daobajhang.moha.gov.np

# गाउँपालिका अध्यक्षको भनाई


बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executive)

देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


प.स.:२०८१।०८२
च.न.

## शुभकामना

नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४ र विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०७५ मा व्यवस्था भएबमोजिम विपद् व्यवस्थापनलाइ स्थानीय तहसम्म बिस्तार गरी स्थानीयतहका सबै विकास नीति तथा कार्यक्रममा मुलप्रवाहीकरण गर्नको लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना आवश्यक हुन्छ। दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न विपद् जोखिम व्यवस्थापनलाई व्यवस्थापन गर्नु अत्यावश्यक रहेको छ।

विपद् र जलवायु परिवर्तनको यो परिवेशमा स्थानीय तहबाटै लचकता निर्माण गर्नुपर्ने आवश्यकता अनुरूप स्थिनय वपद तथा जलवायु उत्थाशील कायार्ढाँचा तर्जुमा दिग्दर्शन दम्दशर्न २०८१ अनुसार योजना बित्थडचिर गाउँपालिकाको विपद् व्यवस्थापन र जलवायु उत्थानशीलताको क्षेत्रमा एउटा ऐतिहासिक कदम हो।

बित्थडचिर गाउँपालिका पनि बाढी, पहिरो, भूकम्प, आगलागी, स्वास्थ्य समस्या झाडापखाला), फ्लु, छाला रोग, आँखा संक्रमण, प्रजनन स्वास्थ्य(, विधुत करेन्ट, सर्पदंश, सवारी दुर्घटना, हावाहुरी, चट्याङ, खडेरी, जंगली जनावर र जलवायु परिवर्तन जस्ता प्रकोपहरूको उच्च जोखिममा छाविपद् र जोखिम प्रतिरोधी समाज निर्माणका लागि विकास योजनाहरूमा यी विषयहरू एकीकृत गर्नुपर्छ। केन्द्रदेखि स्थानीय तहसम्म विपद् र जलवायु अनुकुलनलाई विकास नीति र कार्यक्रममा समावेश गर्नुपर्छ। यसका लागि सहभागी, पारदर्शी, उत्तरदायी र समावेशी योजना बनाउनुपर्छ। यस योजनामा हामीले आफ्नो गाउँपालिकाको संवेदनशील क्षेत्रहरू, सम्भावित जोखिमहरू र तिनको व्यवस्थापनका उपायहरू समेटेका छौं। यो केवल कागजात होइन, हाम्रा भावी पुस्ताहरूको सुरक्षा र विकासको लागि एउटा सकारात्मक प्रयास हो।

म योजना तयार पार्नमा सहभागी उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, ९ वटै वडाध्यक्ष, विपद् व्यवस्थापन शाखा लगायत विभिन्न शाखाहरू, यो योजना तयार गर्न गठन गरिएको कार्यदलका सदस्यहरूलाइ धन्यबाद दिन चाहन्छु। साथै, यो योजना निर्माण गर्न आर्थिक, प्राविधकसहयोग उपलब्ध गराउनु हुने संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA)र नेपाल रेडक्रस सोसाइटी र सबै महत्वपूर्ण सरोकारवालाहरूलाई हार्दिक आभार व्यक्त गर्दछु। तपाईहरूको अमूल्य योगदानले नै यो योजना सफलता सम्म पुगेको हो।

आशा र अपेक्षा गर्दछु कि यो योजनाले बित्थडचिर गाउँपालिकालाई विपद् र जलवायु जोखिमबाट सुरक्षित र लचकता सम्पन्न बनाउन महत्वपूर्ण भूमिका निभाउनेछ। यसको कार्यान्वयनमा सबैको सक्रिय सहयोग र सहभागिता अपेक्षित छ।

अमर सिंह महर
अध्यक्ष

# प्रमुख प्रसाशकीय अधिकृतको भनाई

बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executive)

9858487345 ग.पा.प्र.
018165060109 प्रमुख प्र.अ.
Email: bitthadchirmun@gmail.com
Website: www.bitthadchirmun.gov.np

प.सं.:२०८२/०८३
च.न.

देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

धन्यवाद ज्ञापन

विश्वव्यापीरुपमा देखापरेको जलवायु परिवर्तनको असर तथा विभिन्न कसिमका प्राकृतिक र मानविय विपदहरु बाट बित्थडचिर गाउँपालिका पनि अछुतो छैन। बर्षेनीका वर्षा, बाढी, पहिरो, खडेरी, हिमपात, असिना, चट्याङ, हावाहुरी, सडक दुर्घटना, आगलागी जस्ता विपदका घटनाहरुले यस गाउँपालिका बासीलाई प्रताडित बनाएको छ। बहुप्रकारका विपदका घटनाहरुले बहुसंख्यक कृषक तथा गरिब र विपन्न वर्गका नागरिकहरुको जिविकोपार्जन र जिवनशैलिमा प्रत्यक्ष असर पार्दछ। विपद तथा जलवायु परिवर्तनका यीनै समस्याहरु सँग जुध्दै बित्थडचिर गाउँपालिकालाई विपद तथा जलवायु उत्थानसिल गाउँपालिकाको रुपमा स्थापित गर्ने परिकल्पना सहित स्थानीय विपद तथा जलवायु उत्थानसिल योजना निर्माण गरि कार्यान्वयनको थालनी गरिएकोछ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, जलवायु परिवर्तन नीति, २०६८, स्थानीय अनुकुलन कार्ययोजना राष्ट्रिय ढाँचा, २०६८, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० र स्थानीय विपद तथा जलवायु उत्थानसिल योजना तर्जुमा निर्देशिका समेतलाई आधार मानि स्थानिय स्तरमा विभिन्न कार्यशालाहरुको आयोजना र सरोकारवालाहरु सँगको अन्तरक्रिया बाट योजना निर्माण गरिएको छ। निर्मिति योजना अनुरुप गाउँपालिकाको आगामी नीति कार्यक्रम तथा बजेट तथा क्रियाकलापहरु बाट विपद तथा जलवायु उत्थानसिल क्रियाकलापहरु तय गरि मुलप्रवाहिकरण हुनेछ भन्ने अपेक्षा समेत लिएकोछुँ। गाउँपालिका मार्फत गर्नु पर्ने नियमित सेवा प्रवाह सँगै जलवायु परिवर्तन र विपद न्युनिकरण तथा व्यवस्थापनको क्षेत्रमा समेत योजनाबद्द तरिकाले कार्य सञ्चालन गर्न यस योजनाले थप सहयोग गर्नेछ भन्ने अपेक्षा लिएकोछुँ।

बित्थडचिर गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानसिल योजना निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA), नेपाल रेडक्रस सोसाईटी र संबद्ध टिम लाई हार्दिक आभार सहित विशेश धन्यवाद दिँदै, योजना निर्माणका लागि अमूल्य सल्लाह सुझाव सहित खटिनु हुने गाउँपालिका अध्यक्ष ज्यु, उपाध्यक्ष ज्यु, ९ वटै वडाका वडाध्यक्ष ज्युहरु, वन वातावरण तथा विपद व्यवस्थापन समिति, विपद व्यवस्थापन शाखा, सबै शाखा प्रमुख तथा कर्मचारीहरु र सम्बद्ध सरोकारवालाहरु प्रति हार्दिक अन्यवाद प्रकट गर्दै, यस योजनाको सफल कार्यान्वयनका लागि सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछुँ।

रमेशबहादुर बिष्ट
प्रशासकीय अधिकृत
बित्थडचिर गाउँपालिका,देउलेख, बझाङ

# सभापति नेपाल रेडक्रस सोसाइटी बझाङ शाखाको भनाई

" Saving lives changing minds"

**नेपाल रेडक्रस सोसाइटी**
**बझाङ जिल्ला शाखा**
**२०३८**

.......................................................................................................................

प.स./ च.न | मिति : २०८२/०७/११

## शुभकामना

बित्थडचिर गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०८२ को शुभारम्भ तथा कार्यान्वयनको ऐतिहासिक अवसरमा, नेपाल रेडक्रस सोसाइटी, बझाङ जिल्ला शाखाको तर्फबाट सम्पूर्ण गाउँपालिका, स्थानीय निकाय र समुदायकोनिम्ति हार्दिक शुभकामना र बधाई छ।

यो योजना केवल कागजात्मक प्रक्रिया नभएर, बित्थडचिरका विपद् ब्यवस्थापन, जलवायु उत्थानशील र दिगो विकासप्रतिको ठोस संकल्प हो। गाउँपालिका बाढी, पहिरो, भूकम्प, आगलागी, सवारी दुर्घटना, महामारी, सर्पदंश लगायतका विपद् र जलवायु परिवर्तनको प्रभावको उच्च जोखिममा रहेको छ। यही आवश्यकतालाई दृष्टिगत गरी तयार पारिएको यो योजनाले विपद् अघि मानवीय पीडा कम गर्ने, जोखिम न्यूनीकरण गर्ने र समुदायलाई फेरि उभ्याउने (पुनर्निर्माण) कार्यमा एक महत्वपूर्ण मार्गनिर्देशनको भूमिका निभाउनेछ।

नेपाल रेडक्रस सोसाइटीले विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणलाई सदैव प्राथमिकतामा राख्दै आएको छ। हाम्रो संस्थाको मूल उद्देश्य नै मानवीय पीडा कम गर्नु र जीवनरक्षा गर्नु हो। यसैको क्रममा, बझाङ जिल्ला शाखाको रुपमा, हामीले योजना निर्माण प्रक्रियामा प्राविधिक सहयोग पुर्याउन पाउँदा गर्वको अनुभव गरिरहेका छौं। यसले गाउँपालिका र रेडक्रसबीचको साझा सहयोग र विश्वासको अर्थपूर्ण सम्बन्धलाई प्रकट गर्दछ।

हामी दृढ विश्वास राख्छौं कि यो योजना स्थानीय स्रोत, जनसहभागिता र वैज्ञानिक विधिले कार्यान्वयन गरिनेछ। यसको सफलतामा नेपाल रेडक्रस सोसाइटी, बझाङले आवश्यक पर्दा स्वयंसेवक संचालन, प्रशिक्षण, जनचेतना अभियान र आपतकालीन प्रतिकार्यमा आफ्नो सहयोग कायम राख्ने प्रतिबद्धता दोहोर्याउँछ।

अन्त्यमा, यो महत्वपूर्ण योजनालाई साकार रूप दिन विपद् व्यवस्थापन समिति, गाउँपालिका अध्यक्ष, पदाधिकारी, कर्मचारी, स्थानीय सहभागीहरू, सहयोगी संस्था संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष, नेपाल रेडक्रस सोसाइटी र सम्पूर्ण सरोकारवाला र समुदायलाई फेरि एक पटक धन्यवाद र शुभकामना दिन चाहन्छु।

रामदत्त उपाध्याय
सभापति
नेपाल रेडक्रस सोसाइटी, बझाङ जिल्ला शाखा

## योजनाको सारांश

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ। यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" र स्थानीय अनुकुलन योजनाको राष्ट्रिय संरचना २०७६ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुर्नस्थापना र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ। विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतालाई केन्द्रदेखि स्थानीय तहसम्म बिस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा विपद व्यवस्थापनलाई मूलपवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो। यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन २०७४ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनीकरण र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०७४" तथा "स्थानीय जलवायु अनूकुलन योजनाको राष्ट्रिय संरचना २०७६" मा ब्यवस्था भएका प्रक्रिया एवं विधिहरुलाई एकिकृत तथा सरलीकृत गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरिएको छ।

नेपाल विश्व मानचित्रमा विपद् जोखिमको दृष्टिले उच्च जोखिममा रहेको राष्ट्र मध्ये एक हो। नेपालले प्रत्येक वर्ष विभिन्न किसिमका प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो आगलागी, महामारी, खडेरी, रोगकिरा, मौसमको विषमता तथा भुकम्प जस्ता प्रकोपहरुबाट गम्भीर खतराको सामना गर्दै आएको छ। जलवायु परिवर्तनको प्रत्यक्ष असर वायुमण्डलीय तापक्रममा वृद्धि र वर्षाको समय तथा मात्रामा विषमता आदिमा देख्न सकिन्छ। यस्ता असरहरूले बर्सेनी नेपालमा बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा खडेरी, तातो हावाको लहर जस्ता घटनाहरू बढी मात्रामा दोहोरिएका छन्। यसको प्रभाव प्रत्यक्ष रूपमा जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास, पोषण तथा सरसफाई, र भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको छ। जलवायु परिवर्तनका नकारात्मक असरबाट गर्भवती महिला, अपाङग, गरिब, विपन्न, एकल महिला, बालबालीका, किशोरकिशोरी, वृद्धवृद्धाहरू, पछाडी पारिएको वर्ग, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी प्रभावित हुन्छन्। यस्तो प्रकारको प्रकोप बढ्दै

गएको बित्थडचिर गाउँपालिकाका वासिन्दाले पनि अनुभव गर्न थालेका छन्। बाढी, सुख्खा खडेरी, सित लहर, जंगली जनावर आतंक, हावाहुरी, अनियमित वर्षाबाट यहाँको कृषि उत्पादनमा असर परी यहाँको जीविकोपार्जनको पद्धति, पशु, वन, स्वास्थ्य तथा पोषणमा नकारात्मक असर पार्दै गरेको सन्दर्भमा बढ्दै गएको विपदबाट परेको तथा पर्न सक्ने प्रतिकूल प्रभावबाट स्थानीय स्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ।

नेपाल सरकारबाट स्वीकृत विधि तथा प्रक्रियाहरु अवलम्बन गरी बहुसरोकारवाला निकाय (गाउँपालिका, वडा कार्यालयहरु, अगुवा नागरिक, वडासचिव, शिक्षक, समाजसेवी, राजनैतिक दलका प्रतिनिधि, प्राकृतिक श्रोत व्यवस्थापन समूहका प्रतिनिधि, महिला समूहका प्रतिनिधि लगायत अन्य बुद्धिजीवि) हरुको सहभागितामा आगामी ३ बर्षका लागि विपद तथा जलवायु उत्थानशील कार्ययोजना तयार गरिएको छ। यस योजनाबाट यहाँका बासिन्दाको अनुकूलन क्षमता तथा समुत्थानमा अभिवृद्धि गर्न सहयोग पुऱ्याउने विश्वास गर्दै यस योजनालाई गाउँपालिकाको विषयगत योजना बनाई नियमित योजना तर्जुमा प्रक्रियामार्फत गाउँपालिका तथा वडा कार्यालय, विषयगत, प्रदेश र राष्ट्रिय योजनामा समावेश गरिने विश्वास गरिएको छ। यस गाउँपालिकामा सञ्चालन हुने अन्य विकास कार्य समेत जलवायु परिवर्तन अनुकूलन तथा समुत्थान मैत्री बन्दै जाने समेत विश्वास गरिएको छ। यो योजनाको कार्यान्वयनको लागी प्रत्येक चरणमा समावेशी संवेदनशीलतालाई ध्यान राख्दै र क्रियाकलाप सञ्चालनबाट प्राप्त हुने लाभमा बढीभन्दा बढी बृद्धबृद्धा, फरक क्षमता भएका वर्ग, गर्भवती तथा सुत्केरी महिला तथा २ वर्षमुनीको बालबालीका र विपन्नवर्ग, विभिन्न जातजातीको सहभागितालाई सुनिश्चित गरिनुका साथै समावेशीकरणलाई प्राथमिकता प्रदान गरिने विश्वास गरिएको छ।

| | |
|---|---|
| योजनाको परिकल्पना | सम्भावित विपद् तथा जलवायुजन्य परिवर्तनको जोखिम कम गर्न, विपद्को समयमा आपतकालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुनःस्थापना तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न यो योजना लागू हुनेछ। |
| आशातित उपलब्धी | विपद तथा जलवायु परिवर्तनलाई विकासका क्रियाकलापहरुमा मुलप्रवाहीकरण गरी विपद न्युनीकरण र जलवायु परिवर्तन अनुकुलन गर्दै उत्थानशील समुदायको रुपमा परिचित हुनेछन्। |
| योजना कार्यान्वयन | गाउँपालिका र वडा कार्यालयको नेतृत्वमा स्थानीय सेवा प्रदायक संघसंस्थाको सहकार्यमा योजना कार्यान्वयन हुनेछ। |
| मुख्य भूमिका /सहयोग गर्न सक्ने निकायहरु | गाउँपालिका, वडा कार्यालय, जि.स.स, जिल्ला विपद् व्यवस्थापन समिति, पशु सेवा केन्द्र, स्वास्थ्य चौकी, कृषि ज्ञान केन्द्र तथा कृषक समूह, सा.व. उपभोक्ता समूह, डिभिजन तथा सब डिभिजन वन कार्यालय, प्राथमिक स्वास्थ्य केन्द्र लगायत संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष |

| | |
|---|---|
| | अन्य गैर सरकारी संस्था, सहकारी संस्था, खानेपानि उपभोक्ता समिति, विद्यालय, नेपाल रेडक्रस सोसाइटी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, ट्राफिक प्रहरी, उेद्योग वाणीज्य संघ, वैंक तथा वित्तीय संस्थाहरु, युवा क्लबहरु, किशोरकिशोरी समूह, महिला समूह, आमासमूह, बचत समूह, संचार (एफ.एम. समेत) माध्यम आदि। |
| क्षमता विकास | गाउँपालिका, वडा कार्यालय र टोल बस्ती गरी तीन वटै तहका कार्यान्वयनकर्ता, व्यवस्थापक, अनुगमनकर्ता समेत स्थानीय तहमा विषयगत क्षेत्रको जनशक्ति विकास कार्य गरिनेछ। |
| लैंगिक तथा सामाजिक समावेशीकरण | जलवायु परिवर्तन तथा अन्य प्राकृतिक विपदले गर्दा मानविय तथा पारिस्थितिकीय प्रणालीमा देखिएको नकारात्मक असरहरुलाई सम्बोधन गर्नको लागि तर्जुमा गरिएको अनुकूलन क्रियाकलापहरुमा गर्भवती, सुत्केरी महिला, बालबालीका, किशारी, विपन्न, जनजाती, दलित, महिला, तथा पछाडि पारिएका वर्गहरुको पहुंच तथा नियन्त्रणको अवस्था सुनिश्चितता गरिएको छ। |
| योजनाको समायोजन | तयार गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई दिगो र संस्थागत रुपमा कार्यान्वयन गर्नको लागि गाउँपालिका र वडास्तरमा तयार हुँदै गएको आवधिक योजनामा र आगामी वर्ष देखि राष्ट्रिय योजना तर्जुमा प्रक्रिया अनुसार समायोजन गरिनेछ र अन्य सरकारी तथा गैर सरकारी निकायको वार्षिक योजनामा समेत समावेश गराउनको लागि पैरवी गरिनेछ। |
| कार्यान्वयन | गाउँपालिका तथा वडा कार्यालयको नेतृत्व तथा स्थानीय सेवाप्रदायक संघसंस्थाको सहकार्यमा कार्यान्यन गरिने छ। |
| अनुगमन तथा मुल्याङ्कन | कार्यक्रमको अनुगमन तथा मुल्यांकन गाउँपालिकाको अनुगमन समिति, जिल्ला तह, गाउँपालिका तथा वडा कार्यालय र टोल तथा समुदाय तहबाट गरिनेछ। |

# शब्द संक्षेप

प्रतिवेदनमा प्रयोग भएका संक्षिप्त शब्द तथा पूर्णरुप

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.वि. | आधारभूत विद्यालय |
| आ.स्वा.से.के | आधारभूत स्वास्थ्य सेवा केन्द्र |
| एल.डि.सि.आर.पि | स्थानीय विपद तथा जलवायु उत्थानशील योजना |
| कापा | कार्यपालिका |
| कि.मि. | किलो मिटर |
| गा.पा. | गाउँपालिका |
| गै.स.सं. | गैर सरकारी संस्था |
| स्वा.का | स्वास्थ्य कार्यालय |
| जि.प्र.का | जिल्ला प्रहरी कार्यालय |
| जि.प्रशा.का | जिल्ला प्रशासन कार्यालय |
| जि.स.स.का | जिल्ला समन्वय समितिको कार्यालय |
| डि.व.का | डिभिजन वन कार्यालय |
| नपा | नगरपालिका |
| नापा | राष्ट्रिय अनुकुलन योजना |
| नेकपा एमाले | नेपाल कम्युनिष्ट पार्टी एकिकृत माक्सबादी लेलिनबादी |
| नेकपा एस | नेपाल कम्युनिष्ट पार्टी एकिकृत समाजबादी |
| नेका | नेपाली काग्रेस |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाईटी |
| ने.से. | नेपाली सेना |
| प्र.अ. | प्रधानाध्यापक |
| प्र.जि.अ | प्रमुख जिल्ला अधिकारी |
| प्र.प.अ. | प्रमुख प्रसाशकीय अधिकृत |
| प्र.ना.उ. | प्रहरी नायब उपरिक्षक |
| प्रा.क्र. | प्राथमिकता क्रम् |
| प्रा.वि | प्राथमिक विद्यालय |
| प्रा.स्वा.के | प्राथमिक स्वास्थ्य केन्द्र |
| भु.प्र.रा.स.ने | भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल |
| मा.वि | माध्यामिक विद्यालय |
| मे.सु. | मेडिकल सुपरिटेन्डेन्ट |
| लापा | स्थानीय अनुकुलन योजना |
| सा.व. | सार्वजनिक वन |
| सा.स्वा.इ | सामुदायिक स्वास्थ्य इकाइ |

| | |
|---|---|
| स्था.वि.ज.उ.स | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति |
| स्वा.चौ | स्वास्थ्य चौकी |
| सु.प. | सुदूरपश्चिम |
| CCA | Climate Change Adaptation |
| DPRP | District Disaster Preparedness and Response Plan |
| DRR | Disaster Risk Reduction |
| EWS | Early Warning System |
| LDCRP | Local Disaster and Climate Resilient Plan |
| PPE | Personal Protective Equipment |
| RRT | Rapid Response Team |
| UNFPA | United Nations Population Fund |
| VRA | Vulnerability Risk Assessment |
| WDCRC | Ward Disaster and Climate Resilience Committee |
| WDCRP | Ward Disaster and Climate Resilience Plan |

# बिषय-सूची


**योजनाको सारांश ........ 7**

**शब्द संक्षेप ........ 10**

**खण्ड १ परिचय ........ 1**

**१.१ पृष्टभुमि ........ 1**

*१.१.१ बित्थडचिर गाउँपालिकाको परिचय ........ 2*

*१.१.२ भौगोलिक अवस्थिति ........ 2*

*१.१.३ राजनीतिक अवस्थिति ........ 3*

*१.१.४ धार्मिक र सांस्कृतिक अवस्था ........ 3*

*१.१.५ भौगोलिक सिमाना ........ 3*

*१.१.६ हावापानी तथा भुबनावट ........ 4*

**१.२ बस्ती सम्बन्धी विवरण ........ 4**

**१.३ गाउँपालिकाका व्यापारिक केन्द्रहरूको विवरण ........ 4**

**१.४ खानेपानीको श्रोत ........ 5**

**१.५ विपद्को जोखिम र संकटासन्ता ........ 5**

**१.६ योजनाको उद्देश्य ........ 6**

**१.७ योजनाको आवश्यकता तथा महत्व ........ 7**

**१.८ योजनाका सीमा ........ 8**

**१.९ योजना निर्माण प्रक्रिया विधि ........ 8**

**१.१० योजनाको मूलप्रवाहिकरण ........ 9**

*१.१०.१ योजनाको स्वीकृतिः ........ 9*

*१.१०.२ बजेट व्यवस्थाः ........ 9*

*१.१०.३ योजना कार्यान्वयनः ........ 9*

**१.११ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन ........ 10**

*१.११.१ योजनाको अनुगमन तथा मुल्यांकन ........ 10*

*१.११.२ योजनाको पुनरावलोकन तथा अध्यावधिक ........ 10*

**१.१२ योजना कार्यान्वयन रणनीति ........ 10**

**खण्ड २ सङ्कटासन्नता तथा क्षमता विश्लेषण ........ 12**

**२.१ प्रकोप स्तरीकरण ........ 12**

**२.२ प्रकोपको ऐतिहासिक समयरेखा विश्लेषण (विगत ३० वर्षको) ........ 13**

**२.३ प्रकोप पात्रो ........ 14**

**२.४ मौसमी पात्रो ........ 17**

**२.५ बाली र वनस्पति पात्रो ........ 18**

**२.६ प्रकोपको जोखिम तथा पारिवारिक संकटासन्नता ........ 19**

*२.६.१ गाउँपालिकाको पारिवारिक सम्पन्नता स्तरीकरण ........ 19*

*२.६.२ बित्थडचिर गाउँपालिकाको वडागत जनसंख्या विवरण ........ 20*

*२.६.३ वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण ........ 20*

*२.६.४ खानेपानीको श्रोतको आधारमा घरपरिवार सम्वन्धी विवरण ....20*
*२.६.५ घरको जगको संरचनाको आधारमा घरपरिवार सम्वन्धी विवरण ....21*
*२.६.६ घरको बाहिरी भित्ताको संरचनाको आधारमा घरपरिवार सम्वन्धी विवरण ....21*
*२.६.७ घरको छानाको संरचनाको आधारमा घरपरिवार सम्वन्धी विवरण ....21*
*२.६.८ खाद्यान्न आत्मार्निभरताको अवस्था ....21*
*२.६.९ आर्थिक अवस्थाको आधारमा घरपरिवार सम्वन्धी विवरण ....21*
*२.६.१० सामाजिक सुरक्षा भत्ता प्राप्तगर्ने ब्यक्तिहरुको विवरण (प्रत्येक वडा) ....22*
*२.६.११ गाउँपालिका कार्यालय देखि वडा कार्यालयहरु सम्म को दूरी ....22*
**२.७ स्रोतको उपलब्धता तथा पहुँच ....22**
**२.८ प्रकोपको जोखिम तथा समस्याको विश्लेषण ....29**
**२.९ गाउँपालिकाको क्षमता विश्लेषण ....33**
**२.१० संस्थागत विश्लेषण तथा सम्बन्ध चित्र ....34**
*२.१०.१ संस्थागत विश्लेषण (रोटी चित्र) ....35*
*२.१०.२ गतिशील नक्सा ....35*
**२.११ मानवीय जनजीवनमा भविष्यमा पर्न सक्ने संभावित प्रभावहरुः ....39**
**२.१२ वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण ....42**
*२.१२.१ संकटासन्नता स्तरीकरण ....42*
*२.१२.२ वडाको जोखीम स्तरिकरणः ....42*
**२.१३ बित्थडचिर गाउँपालिकाका सम्भावित प्रकोपको जोखिममा रहेका समुदायहरु ....43**
**खण्ड ३ दीर्घकालीन सोच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति ....44**
**३.१ दीर्घकालीन दृष्टिकोण ....44**
**३.२ परिदृश्य ....44**
**३.३ लक्ष्य ....44**
**३.४ उद्देश्य ....44**
**३.४ नीति ....45**
**३.५ रणनीति ....45**
**खण्ड ४ विपद् जोखिम व्यवस्थापन योजना ....47**
**४.१ विपद् पूर्वका क्रियाकलापहरू (जनचेतना, क्षमता अभिबृद्धि र पूर्वतयारी) ....47**
*४.१.१ गाउँपालिकाको जोखिम न्यूनीकरणको लागि नितिगत व्यवस्थाहरु ....47*
*४.१.२ संरचनात्मक जोखिम न्यूनीकरण ....48*
*४.१.३ स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले कार्यान्वयन गर्नुपर्ने संस्थागत, जनचेतना, क्षमता अभिवृद्धि र पूर्वतयारीका क्रियाकलापहरु ....51*
*४.१.४ प्रकोपहरुको सन्दर्भमा छुट्टा छुट्टै जोखिम न्यूनीकरण पूर्वतयारी क्रियाकलापहरु ....59*
**४.२ विपद्को समयका क्रियाकलापहरु (आपत्कालीन सहयोग, खोज, उद्दार, तत्कालिन राहत) ....65**
*४.२.१ आपत्कालीन सहयोग, खोज, उद्दार, तत्कालिन राहत क्रियाकलापहरु ....66*
**४.३ विपद् पश्चातका क्रियाकलापहरु (पुनर्स्थापना र पुनर्निर्माण) ....73**
*४.३.१ पुनर्स्थापना र पुनर्निर्माणका क्रियाकलापहरु ....73*
*४.३.२ कार्यदलको काम, कर्तव्य र अधिकार ....77*

खण्ड ५ योजनाको अनुगमन, मुल्यांकन तथा अध्यावधिकता ........ 81
५.१ योजनाको अनुगमन तथा मुल्यांकन ........ 81
५.२ योजनाको अध्यावधिकता ........ 81
अनुसुचिहरु ........ 82
अनुसुचि १ स्थानीय विपद् तथा जलवायू उत्थानशील समिति ........ 82
अनुसुचि २ स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्दा भएका निर्णयहरु ...... 85
अनुसुचि ३ योजना तर्जुमा गर्दा खिचिएका केही फोटोहरु ........ 87
अनुसुचि ४ विपद् सम्बन्धित शब्दावलीहरू ........ 88
अनुसुचि ५ बित्थडचिर गाउँपालिकाको जनप्रतिनिधिको बिवरण ........ 90
अनुसुचि ६ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार प्राविधिक कार्य समूह.......... 94
सन्दर्भ सामग्रीहरु ........ 944

# खण्ड १: परिचय

## १.१ पृष्टभुमि

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुबाट प्रभावित छ । ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा छन्। नेपाल विश्वमा २० औं विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ। यस्तै गरेर भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारण जुनसुकै बेला जान सक्ने प्रलयकारी भूकम्पको समेत उच्च जोखिममा रहेको छ। विश्वब्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं तथा जलवायु परिर्वतनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको छ। २०७२ मा गएको विनाशकारी भूकम्पका कारण मात्र ८९७० जनाको ज्यान गएको थियो। यस तथ्यांकले नेपालका प्राय सबै भूभाग बहुप्रकोपको जोखिममा रहेको पुष्टि गर्दछ।

मानवीय गतिविधिहरूले वातावरणमा ल्याएको परिवर्तनले विश्वलाई नै चुनौती दिएको छ। अत्यधिक कार्बन उत्सर्जन र अन्य ग्यासहरूले पृथ्वीको तापक्रम बढाउँदै विभिन्न परिवर्तनहरू ल्याएको छ। नेपाल जस्तो मुलुक यसको प्रत्यक्ष प्रभावमा परेर स्वास्थ्य, पानी, र जीविकोपार्जन जस्ता क्षेत्रमा गम्भीर असर झेलिरहेको छ। वन विनाश, अनियन्त्रित आगलागी, अव्यवस्थित भौतिक विकास, प्राकृतिक स्रोतको अति दोहन, प्लास्टिक र रासायनिक प्रयोग, सरसफाइको अभाव, पानीको स्रोत घट्ने, मौसममा अनियमितता जस्ता समस्याहरूले समुदायलाई थप जोखिममा पारेका छन्। यसकारण यी समस्याहरूको न्यूनीकरण र अनुकुलन गर्नु अपरिहार्य छ।

बित्थडचिर गाउँपालिका पनि बाढी, पहिरो, भूकम्प, आगलागी, स्वास्थ्य समस्या (झाडापखाला, फ्लु, छाला रोग, आँखा संक्रमण, प्रजनन स्वास्थ्य), विद्युत करेन्ट, सर्पदंश, सवारी दुर्घटना, हावाहुरी, चट्याङ, खडेरी, जंगली जनावर र जलवायु परिवर्तन जस्ता प्रकोपहरूको उच्च जोखिममा छ। यसै सन्दर्भमा नेपाल सरकारले स्वीकृत गरेको "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५", विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४", स्थानीय सरकार संचालन ऐन, २०७४", र "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना निर्देशिका, २०६८" ले विपद् व्यवस्थापन, जोखिम घटाउने, पुनर्निर्माण र जलवायु अनुकुलनलाई प्राथमिकता दिएको छ।

विपद् र जोखिम प्रतिरोधी समाज निर्माणका लागि विकास योजनाहरूमा यी विषयहरू एकीकृत गर्नुपर्छ। केन्द्रदेखि स्थानीय तहसम्म विपद् र जलवायु अनुकुलनलाई विकास नीति र कार्यक्रममा समावेश गर्नुपर्छ। यसका लागि सहभागी, पारदर्शी, उत्तरदायी र समावेशी योजना बनाउनुपर्छ। यही उद्देश्यले बित्थडचिर गाउँपालिकाले UNFPA को आर्थिक र प्राविधिक सहयोग तथा नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा यो "स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना, २०८२" बनाएर लागू गरेको छ।

### १.१.१ बित्थडचिर गाउँपालिकाको परिचय

बित्थडचिर गाउँपालिका सुदूरपश्चिम प्रदेश अन्तर्गत बझाङ जिल्लाको प्रबेशद्वारका रूपमा रहेको गाउँपालिका हो। बझांग जिल्लाको दक्षिणी क्षेत्रको पहाडी भागमा अवस्थित वित्थडचिर गाउँपालिका साविकका स्याँडी, देउलेख र सुनकुडा गाविस मिलाएर बनेको छ। रहनसहन, लवाईखवाई देखि रितिरिवाज-परम्परा, भाषा सम्पूर्ण कुरा मिल्ने भएकाले यी तीन गाविस समावेश गरी एक गाउँपालिकाको रुपमा मिति २०७३।११।२७ सिफारिस गरिएको थियो र जम्मा ९ वडा कायम गरी साविक देउलेख गाविस कार्यालयलाई केन्द्र स्थापना गरि जनतालाई सेवा दिईरहेको छ। राष्ट्रिय जनगणना २०७८ का अनुसार यहाँको कुल जनसंख्या १७८१२ रहेको छ भने ५२.६ प्रतिसत महिला र ४७.४ प्रतिसत पुरुष र ५७.५ प्रतिसत युवा (१५-४९ उमेर समुह) हरुको जनसंख्या रहेको छ। यस पालिकाको कुल परिवार संख्या ३११६ र साक्षरता दर ७१.५२ (पुरूषः ८२ प्रतिसत र  महिलाः ६१.९ प्रतिसत) रहेको छ।

### १.१.२ भौगोलिक अवस्थिति

यस पालिकाको धरातलीय स्वरूप विविधतापूर्ण रहेको छ। यहाँ प्राकृतिक रूपमा पहाड, भेग, खोल्सा, खेला र अन्य भू-आकृतिक विशेषताहरूको मिश्रण पाइन्छ। यसबाहेक धेरैजसो भूभाग पहाडी र चट्टानी क्षेत्रले ओगटेको छ। अग्ला पहाड र अलि भिरालोले बनेको यस गाउँपालिकामा ठाडा पाखा र बसोबास योग्य क्षेत्रहरूको विविध भौगोलिक संरचना रहेको छ। ८६.१५ किमी क्षेत्रफलमा फैलिएको यो गाउँपालिका समुद्र सतहबाट २६५० फिट देखि ८०५० फिटको उचाईमा रहेको छ भने बझांग जिल्ला प्रवेश मार्ग, (जयपृथ्वी मार्ग) को २१ कि.मी. मोटरबाटो यसै गाउँपालिका भएर प्रवेश हुन्छ।

बित्थडचिर गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

### १.१.३ राजनीतिक अवस्थिति

सुदूरपश्चिम प्रदेशमा अवस्थित बझाङ जिल्लाको बित्थडचिर गाउँपालिका साबिकका ३ गाउँ विकास समितिहरू मिलेर बनेको हो। यो गाउँपालिका प्रशासनिक रूपमा ९ वडाहरूमा विभाजित छ। सम्पूर्ण जिल्लामा २ नगरपालिका र १० गाउँपालिका गरी १२ स्थानीय तहहरू रहेका छन्, जसमध्ये बित्थडचिर गाउँपालिका पनि एक हो। यस गाउँपालिकाको प्रशासनिक केन्द्र वडा नं. ४ मा पर्ने साबिकको देउलेख गाविसको देउलेख भन्ने स्थानमा रहेको छ।

### १.१.४ धार्मिक र सांस्कृतिक अवस्था

धार्मीक  प्रर्यटकिय दृष्टिले अति महत्त्वपूर्ण क्षेत्रको रुपमा परिचित, साविक स्याँडी गाविस अन्तर्गत पर्ने, वित्थड क्षेत्र तथा साविक सुनकुडा गाविसको चिर क्षेत्र र देउलेखको चिरासैनी भगवतीलाई  आधारमानी यस गाउँपालिकाको नामाकरण वित्थडचिर गरिएको हो। यस क्षेत्रले खस सभ्यता र हिन्दू संस्कृतिको पहिचानलाई आफ्नै अनुपम संगमले प्रस्तुत गरेको छ। यहाँको मौलिक संस्कृति र परम्परागत विरासतले यस ठाउँको सांस्कृतिक समृद्धिलाई झल्काउँछ। क्षेत्री, ब्राह्मण र दलित जातिको मिश्रित बसोबास रहेको यस गाउँपालिकामा नेपाली भाषा मुख्य बोलिचालीको माध्यम हो। तर केहीले बझाङी भाषालाई स्थानीय भाषाको रूपमा प्रयोग गर्छन्।

धार्मिक रूपमा हिन्दू धर्मावलम्बीहरूको बहुलता रहेको यस क्षेत्रमा कृष्ण जन्माष्टमी, गौरा, तीज, जनैपूर्णिमा, दशैं, तिहार, माघे सङ्क्रान्ति, चैते दशैं लगायत स्थानीय जात्रा मेलाजस्ता चाडपर्वहरू धुमधामसाथ मनाइन्छ। यी चाडपर्वहरूका अवसरमा गरिने विभिन्न रीतिरिवाजहरूले यहाँको सामाजिक एकताको साथै सांस्कृतिक उत्कृष्टतालाई प्रकट गर्छन्। पहिरनको क्षेत्रमा पुरुषहरूले दौरा सुरुवाल, टोपी र कोट लगाउँछन् भने महिलाहरूले गुन्यु चोलो र पटुकी धारण गर्छन्। यसरी यो क्षेत्र आफ्नो समृद्ध सांस्कृतिक परम्परा, सामाजिक सद्भाव र ऐतिहासिक विरासतले गर्दा नै सांस्कृतिक उत्कृष्टताको प्रतिक बनेको छ।

### १.१.५ भौगोलिक सिमाना

पुर्वः केदारस्यूँ गाउँपालिका, बझागं जिल्ला

पश्चिमः पुर्चौडी नगरपालिका, बैतडी जिल्ला

उत्तरः बुँगल नगरपालिका, बझागं जिल्ला

दक्षिणः सिगास गाउँपालिका, बैतडी जिल्ला

२९०२६’२८” देखि २९०३४’२०” उत्तरी अक्षांश सम्म

८००४४’५६” देखि ८००५२’४७” पूर्व देशान्तर सम्म

### १.१.६ हावापानी तथा भुबनावट

यस गाउँपालिकाको हावापानी उष्ण प्रदेशिय देखि लिएर समशितोष्ण प्रदेशिय हावापानी भित्र पर्दछ। हिउदको समयमा ०० देखि १८० से. सम्म रहन्छ भने गृष्म ऋतुमा अधिकतम तापक्रम ३०० से. सम्म रहन्छ। यस गाउँपालिकाको भूगोल भिरालो र धेरै जसो चट्टान र बनजंगलले घेरेको छ। कुनै ठाँउमा चिम्टयाईलो, पाङगो माटोका साथै धेरै जसो कंकटयुत्त माटो पाईन्छ। त्यसैले माटोको उर्वराशत्तिमा पनि विविधता पाईन्छ।

गाउँपालिकाको वडागत जनसंख्या विवरण निम्नानुसार रहेको छ।

| **वडा नं** | **०१** | **०२** | **०३** | **०४** | **०५** | **०६** | **०७** | **०८** | **०९** |
|---|---|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | २८३२ | १८७४ | १२१० | २४७१ | १५७२ | १७९४ | १५५६ | ९७४ | ३५२९ |
| पुरुष | १३९९ | ८९७ | ५७६ | ११७३ | ७२४ | ८८५ | ७३१ | ४३७ | १६१२ |
| महिला | १४३३ | ९७७ | ६३४ | १२९८ | ८४८ | ९०९ | ८२५ | ५३७ | १९१७ |

### १.२ बस्ती सम्बन्धी विवरण

गाउँपालिका ४६ कूल टोल वा वस्तीहरु मिलि बनेको छ। जसमध्ये सबैभन्दा बढी टोलहरु वडा नं १, ६ र ७ मा रहेका छन् भने सबैभन्दा कम वडा नं ३ मा छन्। यसको वडागत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| **वडा नं.** | **टोल बस्तीहरूको नाम** | **जम्मा** |
|---|---|---|
| १ | बित्थड, दुधढल्ला, खुलमोर, भाराभिट, मुलापानी, आनन्दपुर | ६ |
| २ | लिम, स्याडी, कुसेना, महुभेरा, खन्तडीगाउँ | ५ |
| ३ | तल्लागाउँ, मल्लागाउँ, नाडा, दुधढल्ला | ४ |
| ४ | देउलेख, डुग्री, मल्ला भतडा, तल्ला भतडा, काटै | ५ |
| ५ | धामीगाउँ, वसैल, तल्ला भतडा, देउलेख | ४ |
| ६ | पाडपाखा, मड, मलचिर, काचडा, बुङगाबगर, बैनेली, द्वारी | ६ |
| ७ | सुवाकोट, डुम्राकोट, टुडीखाड, लोणासा, मेल्टा, जालीङ | ६ |
| ८ | जालीङ, उस्काला, बरबेल्का, काडागाउँ, रूपैल | ५ |
| ९ | रैकेशी, उडी, परिभ्वाँ, मल्लोधारी, तल्लोधारी | ५ |

### १.३ गाउँपालिकाका व्यापारिक केन्द्रहरूको विवरण

यस गाउँपालिकाको प्रमुख व्यापारिक बजार देउलेख, सुनकुडा, लीम, धरान तथा बित्थड क्षेत्र हो। यसका अलावा पालिकाका वडा कार्यालयहरु रहेको क्षेत्रलाई केन्द्र बनाई स-साना बजारहरू संचालित छन्। ति बजारहरूको वडा अनुसारको विवरणलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

| वडा नं. | मुख्य बजारको नाम | वडा नं. | मुख्य बजारको नाम | वडा नं.: | मुख्य बजारको नाम |
|---|---|---|---|---|---|
| १ | बित्थड, मल्लो बित्थड, आनन्दपुर, दुधढल्ला | २ | लीम, स्याँडी, लीम बगर | ३ | पैरा |
| ४ | देउलेख, डुग्री खोला, तोल्यान | ५ | तोला | ६ | गोदावरी, मानतोला, पाडपाखा, खोलामोर |
| ७ | सुवाकोट, पलटमोड, चिसापानी | ८ | धरान, रूपैल | ९ | सुनकुडा, रैकोशी, खानीडाँडा, मल्लाधारी, बागथला |

## १.४ खानेपानीको श्रोत

नेपाल जलस्रोतको हिसाबले एक धनि देश हो तर धैरै नागरिकहरू स्वच्छ खानेपानी पिउनबाट बञ्चित भइरहेका छन्। यस गाउँपालिका पनि यो समस्याबाट अछुतो हुन सकेका छैन। गाउँपालिकाको वडागत विश्लेषण गर्दा सबैभन्दा बढी धारा वा पाइपबाट खानेपानीको प्रयोग गर्ने घरधुरी रहेको पाइएको छ। साथै यस गाउँपालिकामा खोला, मुल धारा, नदी र न्वालोको पानी प्रयोग गर्ने घरपरिवारहरू पनि रहेका छन्।

## १.५ विपद्को जोखिम र संकटासन्ता

यस बित्थडचिर गाउँपालिका प्रकोप तथा विपद्को दृष्टिले भूकम्प, वन्यजन्तु आतंक, तथा पहिरो जन्य प्रकोपबाट उच्च जोखिम रहेका भएको पाइन्छ। बित्थडचिर गाउँपालिकाको भौगोलिक अवस्थिति, धरातलिय स्वरुप, माटो, जलवायु विविधता र संवेदनशीलतालाइ हेर्दा यस गाउँपालिकामा विभिन्न प्रकोपहरुले बेलाबखत दुःख दिईरहेको पाइन्छ। खासगरी भौगोलिक अवस्था, प्राकृतिक श्रोतसाधनको उचित व्यवस्थापको अभाव, अवैज्ञानिक भू उपयोग, असुरक्षित संरचना तथा विकास निर्माण जस्ता कारणले बाढी, पहिरो, भूक्षय, सुख्खाग्रस्तता, आगलागी, एवं जलउत्पन्न प्रकोपहरुले जोखिम सिर्जना गरिरहेको छ। विगतदेखि हालसम्मको प्रकोपको इतिहासलाई नियाल्दा यस गाउँपालिकामा देहायका प्रकोपहरुबाट प्रभावित गरेको पाइन्छ। बित्थडचिर गाउँपालिकामा गाउँपालिका स्तरका प्रकोपहरु निम्नानुसार छन।

| स्तर | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकोप | भूकम्प | पहिरो | महामारी | सडक दुर्घटना | वन्यजन्तु आतंक | बाढी | खडेरी | असिना | आगलागी | हावाहुरी | चट्याङ |

### १.६ योजनाको उद्देश्य

विभिन्न प्रकोपहरुको कारणले सिर्जित हुने स्थानीय स्तरमा विपद् तथा जलवायु परिवर्तनका घटनाहरुको व्यवस्थापन कार्यहरूलाई संस्थागत गरी विपद्का दृष्टिले सुरक्षित समुदायको निर्माण गर्नका लागि स्थानीय तहका आवधिक र वार्षिक कार्यक्रममा समेत मूलप्रवाहीकरण गरी उत्थानशील समुदाय निर्माण गर्ने नेपाल सरकार स्थानीय विकास मन्त्रालयले निर्माण गरेका "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका- २०६८" तथा "स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४" को  मस्यौदा अनुसार निर्माण गरिएको छ। यस योजनाको विपद् पूर्व, विपद्का समयमा र विपद् पश्चात् मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु मूल उद्देश्य रहेको यस योजनाका पूरक उद्देश्यहरू निम्न छन्।

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न विपद् सम्बन्धी न्युनतम आधार तथा साझा मापदण्ड निर्धारण गरी स्थानीय स्तरको विपद् जोखिम व्यवस्थापन गर्नु।
- स्थानीय तह भित्र रहेका विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता पहिचान तथा विश्लेषण गर्नु।
- स्थानीय विपद् तथा जलवायु परिवर्तन सम्बन्धि जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रम सहितको योजना तर्जुमा गर्नु।
- विपद् उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु।
- विपद् तथा जलवायु परिवर्तनसँग सामना गर्नसक्ने दक्ष जनशक्ति तयार गर्ने।
- स्थानीयतहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् तथा जलवायु परिवर्तन सम्बन्धि जोखिम व्यवस्थापनलाई संस्थागत गर्न मार्गप्रशस्त गर्नु।
- विपदमा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सेवाप्रदान गर्नु।
- विपदबाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउनु।
- उपलब्ध न्यूनतम साधन-स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन-स्रोतहरुको खोजी गरी सरकार र  सरोकारवाला निकाय तथा संघसंस्थासँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउनु।

## १.७ योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरूलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रूपमा निरन्तर रूपमा यो योजना कार्यान्वयन हुन्छ। विपद्को घटना मानव समुदायका लागि सम्वेदनशील भएकोले यस्तो अवस्था नआओस भन्नाका निम्ति हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन कार्यसँग समायोजन गरी दीगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुँदा यसले महत्वपूर्ण स्थान ओगटेको छ। त्यसैले यस योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ। गाउँपालिका स्तरीय विपद् जोखिम व्यवस्थापन योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टी गर्दछः

- गाउँपालिकाका स्तरमा संस्थागत संरचना तयार हुने।
- गाउँपालिकाका स्तरीय विपद् जोखिम न्यूनीकरणमा सूचनाको पहुँच रहने।
- बहुप्रकोप जोखिम तथा क्षमता विश्लेषणमा समुदायको सहभागिता हुने।
- गाउँपालिकामा तयारी/प्रतिकार्य समूहहरू निर्माण हुने।
- गाउँपालिकामा स्तरमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा हुने।
- गाउँपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण कोष स्थापना हुने।
- समुदायले व्यवस्थापन गरेका स्रोतहरूमा समान पहँच।
- गाउँपालिका स्तरमा विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्वन गरिने।
- समुदायमा आधारित पूर्वसूचना प्रणालीहरूको स्थापना हुने भएकाले समुदाय सुरक्षित रहन मद्धत पुग्ने।
- यस योजनाले विपद् पूर्व, विपद्का समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न मद्धत पुऱ्याउछ।
- स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेही ढंगले मानवीय सहयोग उपलब्ध गराउन स्थानीय निकायलाई जिम्मेवार बनाउँछ।
- योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ।
- विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ।
- पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ।
- उद्धार र राहतजस्ता कार्यमा पीडित समुदायको समान पहुँचको प्रत्याभूति गर्छ।
- आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ।
- सामाजिक, सांस्कृतिक मर्यादा तथा सद्भाव अभिवृद्धिको लागि मार्ग प्रशस्त गर्छ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य प्रबर्दनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ।

- स्रोतको सही सदुपयोग गरी पीडित समुदायलाई प्रकोपको पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउँछ।

### १.८ योजनाका सीमा

सरकारी, गैर सरकारी तथा स्थानीय तहहरूले तयार पार्ने हरेक स्तरका योजना तथा कार्यक्रमहरूका आफ्नै महत्व र सीमा हुन्छन्। यस योजनाको महत्वका साथै निम्नअनुसार सीमा पनि रहेका छन्

- यो योजनाको कार्यान्वयन स्थानीय तहहरूले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अङ्गको रूपमा गर्ने भएकाले विकास-निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छन्।
- यो योजना "स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४" को मस्यौदाका अनुसार तयार गरिएको छ।
- यस योजनाको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक रूपमा जनशक्ति तयार गर्न समय लाग्नेछ र त्यसको लागि स्रोतको खोजी गर्नु पर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ नै भने निक्र्योल गर्न सकिँदैन।
- यस योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको स्थानीय स्तरमा कम उपलब्धता रहन सक्छ।

### १.९ योजना निर्माण प्रक्रिया विधि

"स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका-२०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका-२०७४" को मस्यौदाका अनुसार यो योजना तर्जुमा गर्दा गाउँपालिका र वडाका प्रभावित तथा सङ्कटासन्न समुदायको प्रत्यक्ष र समावेशीयुक्त सहभागिता सुनिश्चित हुने गरी समावेशी, सहभागितामूलक र यथार्थपरक बनाउन निम्नअनुसारका प्रक्रियाहरू अवलम्बन गरिएका छन्

**गाउँपालिकाको छनोटः** जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र बित्थडचिर गाउँपालिका भित्रका ९ वटै वडाहरु तथा गाउँपालिका भित्र रहेका अन्य सरोकारवाला सघं सस्थाहरुसँग समन्वय गरी संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको आर्थिक तथा प्रबिधिक सहयोग र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गर्न यस गाउँपालिकालाई छनोट गरेको थियो।

**प्रारम्भिक भेला तथा स्थानीय विपद् व्यवस्थापन समिति गठनः** गाउँपालिका प्रमुख र उप प्रमुख तथा सबै वडाका वडा अध्यक्ष, पालिकाका शाखामा कार्यरत कर्मचारी र स्थानीय बुद्धीजीविहरू, ज्येष्ठ नागरिक, स्थानीय संघ संस्थाका प्रतिनीधि, सरोकारवालाहरूको सहभागितामा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०७४ अनुसार गाउँपालिका स्तरीय स्थानीय विपद्विपद् तथा जलवायु उत्थानशील समिति गठन गरिएको थियो।

**स्थानीय विपद्विपद् तथा जलवायु उत्थानशील योजना निर्माणः** बित्थडचिर गाउँपालिका अन्तरगत स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिमा छलफल गरि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना बनाउने र योजना बनाउदा गाउँपालिकाको समन्वयमा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको आर्थिक तथा प्रबिधिक सहयोग र नेपाल रेडक्रस सोसाइटीको साझेदारी र सहजिकरणमा संकलन गरेको प्रारम्भिक तथ्यांकको आधारमा गाउँपालिका स्तरीय योजना बनाउने निर्णय भएको थियो।

**योजना निर्माण अभिमुखीकरणः** स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिसंगको सहकार्यमा पालिकास्तरीय अभिमुखीकरण कार्यक्रमबाट प्रारम्भिक तथ्यांक संकलन गरिएको थियो।

### १.१० योजनाको मूलप्रवाहिकरण

गाउँपालिकाले स्वीकृत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरुलाई प्राथमिकताका आधारमा क्रमश आवधिक, वार्षिक तथा अन्य योजना निर्माण प्रक्रियामा मूलप्रवाहीकरण गर्दै लैजाने छ। त्यस्तै, अन्य विषयगत कार्यालयले पनि विषयगत योजना निर्माणका क्रममा स्थानीय विपद तथा जलवायु उत्थानशील योजनामा उल्लेखित क्रियाकलापहरुलाई प्राथामिकता दिईने छ।

**१.१०.१ योजनाको स्वीकृतिः** गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार गरेर गाउँपालिकाले आवश्यक प्रक्रिया पूरा गरी कार्यपालिका बैठकबाट स्वीकृत गराईने छ।

**१.१०.२ बजेट व्यवस्थाः** स्वीकृत योजनाले निर्धारण गरेका विपद् जाखिम न्यूनीकरणको लागि तय गरेका क्रियाकलापहरुलाई प्राथमिकता अनुसार कार्यान्वयन गर्न, गराउन बजेट विनियोजन गर्नेछ र आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष तथा नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा गैरसरकारी संस्था तथा दातृ निकायसमेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था गर्नेछ।

**१.१०.३ योजना कार्यान्वयनः** गाउँपालिकाले स्वीकृत स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाका क्रियाकलापहरुलाई आवश्यकता अनुसार स्थानीय विपद् तथा जलवायु

उत्थानशील समिति अन्तरगत वडा विपद् तथा जलवायु उत्थानशील समिति, सरोकारका निकायहरु संगको सहकार्य तथा व्यवस्थापन विषयगत कार्यालय, समुदाय, संघसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ।

## १.११ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन

### १.११.१ योजनाको अनुगमन तथा मुल्यांकन

क) गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

ख) गाउँपालिकामा गठित अनुगमन समितिले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यक्रमको समेत अनुगमन तथा मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन गाउँपालिकामा पेस गर्नु पर्नेछ। उक्त प्रतिवेदन गाउँपालिकाले छलफलका लागि पालिकासभामा पेस गर्नुपर्नेछ।

ग) स्थानीय विपद् तथा जलवायु उत्थानशीलसम्बन्धी कार्यक्रमहरुका अनुगमन तथा मूल्याङ्कन गर्दा स्वीकृत गरिएका अनुगमन सूचकहरू बमोजिम गर्नु पर्नेछ।

घ) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई कार्यान्वयन गर्ने अन्य संस्थाहरूद्धारा सम्पादित कार्यको समेत सोहि समितिले अनुगमन तथा मूल्याङ्कन गर्नेछ, र सोको प्रतिवेदन सम्बन्धित संस्था, स्थानीय तह र मन्त्रालयमा पेश गर्नुपर्ने छ।

### १.११.२ योजनाको पुनरावलोकन तथा अध्यावधिक

क) गाउँपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले सङ्कटासन्नता, क्षमता र जोखिममा पारेको असरलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजना कार्यान्वयनको अवस्थाको पुनरावलोकन तथा समिक्षा गरी वार्षिक कार्यक्रम तथा योजना मार्फत गर्नु पर्नेछ।

ख) स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यलाई प्रभावकारी बनाउन प्रत्येक तीन देखी पाँच वर्षमा योजनाको पुनरावलोकन तथा अध्यावधिक गर्नु पर्नेछ।

## १.१२ योजना कार्यान्वयन रणनीति

नेपाल सरकारको विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन २०७४, कानून, नीति तथा निर्देशिकाले निर्देशित गरे अनुरुप र विकास योजना अनुसार विकासका गतिविधिहरु संचाललनका क्रममा विपद् जोखिम न्यूनिकरणलाई मूल प्रवाहिकरण गरी दिगो विकासका माध्यमबाट यस योजनाको कार्यन्वय गर्ने मूल रणनीति रहनेछ। आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालनका माध्यमबाट प्राथमिकता प्राप्त न्यूनिकरणका योजना, आवश्यक दक्ष जनशक्तिको तयारी सामाग्रीगत तयारी र आर्थिक ब्यवस्थापनका मूख्य

क्षेत्रलाई प्राथमिकता र आवश्यकताका आधारमा संचालन गर्ने योजना कार्यान्वयनको मूल रणनीति रहनेछ। यसका अलवा दिर्घकालिन योजनाहरुका लागि आवश्यकता अनुसार छुट्टै कार्यसंचालन रणनीति तर्जुमा गरी योजनाको मुल उद्देश्यलाई प्राप्त गरिने रणनीति लिइने छ। यस योजनालाई मूर्तरुप दिन निम्नानुसारका तत्कालिन नीति अंगिकार गरिएको छ।

- योजनालाई बित्थडचिर गाँउपालिकाको कार्यपालिका बैठकबाट अनुमोदन गराई वैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ।
- शिक्षा तथा सचेतना विना विपद् न्यूनिकरण तथा दिगो विकास सम्भव छैन भन्ने मान्यतालाई अंगिकार गरी विपद् ब्यवस्थापनका सबै तहरुमा सुचना, शिक्षा तथा संचारको विकास र विस्तारमा जोड दिईनेछ।
- गाँउपालिका तथा वडास्तरमा आवश्यकता अनुसारका दक्ष जनशक्तिको विकास, तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरुको सहभागिता र सहकार्यमा जोड दिइने छ।
- विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीलाई प्राथमिकता र आवश्यकताका आधारमा वडा तथा समुदाय तहसम्म विकेन्द्रकृत गरी संचालन गरिनेछ।
- जिल्ला विपद् ब्यवस्थापन समिति तथा स्थानिय वडा विपद् ब्यवस्थापन समितिहरुको प्रत्यक्ष समन्वय तथा सहकार्यमा विपद्को समयमा तालिम प्राप्त दक्ष जनशक्तिहरुलाई परिचालन गरिनेछ।
- योजना कार्यान्वयनको लागि गाँउपाकिलाको आन्तिरिक वजेट ब्यवस्थापन, सरकारी कार्यालय, जिल्ला समन्वय समिती, प्रदेश सरकार, मन्त्री तथा सांसदहरु तथा अन्य दातृ निकायरुसँग समन्वय गरिने छ।
- स्थानीय ज्ञान, सीप, प्रविधी र श्रोत तथा साधनको अधिकत्तम उपयोग गरी विपद् जोखिम तथा जलवायु उत्थानशिल योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

# खण्ड २ सङ्कटासन्नता तथा क्षमता विश्लेषण

## २.१ प्रकोप स्तरीकरण

बझाङ जिल्लाको बित्थडचिर गाउँपालिकाको प्रकोप, संकटासन्नता तथा जोखिम विशलेषण गर्न पालिकास्तरीय विपद् तथा जलवायू उत्थानशील समितिका सदस्य, पलिकाका कर्मचारी र सरेकारवालाहरूलाई १ दिने विपद् जोखिम न्यूनीकरण, जलवायू परिवर्तन, संकटासन्नता तथा क्षमता विश्लेषण सम्बन्धी गोष्ठी सम्पन्न गरी बित्थडचिर गाउँपालिकाका ९ वटै वडामा प्रकोप, संकटासन्नता तथा जोखिम विश्लेषण गरिएको छ। गाउँपालिकाका सवै वडा तथा समुदायमा प्राय गरी सवै प्रकोपहरु मिल्दाजुल्दा छन् तर गाउँपालिकाको माथिल्लो क्षेत्रतिर जलवायू परिवर्तनको असर बढी छ भने तल्लो भागतिर अर्थात कालगां नदी र अन्य खेलाको किनार तीर नदीकटानको समस्या बढी देखापरेको छ। वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषणको अवसरमा गरिएको समुदायसंगको छलफल तथा सूचना र सोही अवसरमा तयार गरिएको वडाको जोखिम नक्सांकनको आधारमा ९ वटै वडाको प्रकोप स्तरीकरण र गाउँपालिकाको योजना तर्जुमा कार्यशालामा सहभागी समुदायका प्रतिनिधिहरुको समेत छलफलबाट समग्र यस गाउँपालिकाको प्रकोपलाई निम्नानुसार स्तरीकरण गरिएको छ।

| प्रकोप | भूकम्प | बाढी | आगलागी | हुरीबतास | महामारी | पहिरो | चट्याङ | असिना | वन्यजन्तु आतंक | सडक दुर्घटना | खडेरी | स्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | X | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | पहिलो |
| बाढी | X | X | बाढी | हुरीबतास | महामारी | पहिरो | बाढी | बाढी | वन्यजन्तु आतंक | सडक दुर्घटना | बाढी | छटौं |
| आगलागी | X | X | X | आगलागी | महामारी | पहिरो | आगलागी | असिना | वन्यजन्तु आतंक | सडक दुर्घटना | खडेरी | नवौं |
| हुरीबतास | X | X | X | X | महामारी | पहिरो | चट्याङ | असिना | वन्यजन्तु आतंक | सडक दुर्घटना | खडेरी | दशौं |
| महामारी | X | X | X | X | X | महामारी | महामारी | महामारी | वन्यजन्तु आतंक | महामारी | महामारी | तेश्रो |
| पहिरो | X | X | X | X | X | X | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | दोश्रो |
| चट्याङ | X | X | X | X | X | X | X | असिना | वन्यजन्तु आतंक | सडक दुर्घटना | खडेरी | एघारौं |
| असिना | X | X | X | X | X | X | X | X | वन्यजन्तु आतंक | सडक दुर्घटना | खडेरी | आठौं |
| वन्यजन्तु आतंक | X | X | X | X | X | X | X | X | X | सडक दुर्घटना | वन्यजन्तु आतंक | पाँचौ |
| सडक दुर्घटना | X | X | X | X | X | X | X | X | X | X | सडक दुर्घटना | चौथो |
| खडेरी | X | X | X | X | X | X | X | X | X | X | X | सातौं |
| | भूकम्प | बाढी | आगलागी | हुरीबतास | महामारी | पहिरो | चट्याङ | असिना | वन्यजन्तु आतंक | सडक दुर्घटना | खडेरी | |
| जम्मा अंक | १० | ४ | २ | १ | ८ | ८ | १ | ३ | ७ | ७ | ४ | |

गाउँपालिकामा गरिएको स्तरीकरणको आधारमा बित्थडचिर गाउँपालिकाको मुख्य प्रकोपहरू निम्न रहेका छन्

१. पहिरो २. महामारी ३. सडक दुर्घटना ४. वन्यजन्तु आतंक ५. बाढी ६. खडेरी ७. असिना ८. आगलागी ९. हुरीबतास १०. चट्याङ्ग हुन।

नोटः नेपाल भूकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा प्राथमिकतामा राखी योजना तर्जुमा गरिएको छ ।

माथिको तालिका अनुसार यस बित्थडचिर गाउँपालिकाको प्रकोपको स्तरीकरण गरी विश्लेषण गर्दा पहिरो, महामारी, सडक दुर्घटना, वन्यजन्तु आतंक, बाढी, खडेरी, असिनां, आगलागी, हावाहुरी, चट्याङ्ग रहेको छ। यस गाउँपालिकामा सबैभन्दा बढी जोखिम पहिरो बाढी, महामारी र सडक दुर्घटनाबाट हुनुका साथै बाढी र वन्यजन्तु आंतकले उच्च प्रभाव पार्दछ भने खडेरी, हुरीबतासले मध्यम प्रभाव पार्दछ किटजन्य आतंकका कारण पनि प्रभाव पार्ने देखिन्छ। यसैगरी यस गाउँपालिकामा सुख्खा खडेरीको क्रमहरु बढ्दै गएको, पानीका मुहानहरु सुक्दै जाने गरेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्याधिक पर्ने गरेको, बेमौसमी असिनाहरु पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने र यस्ता विभिन्न जलवायु जन्य समस्या देखिएको छ।

## २.२ प्रकोपको ऐतिहासिक समयरेखा विश्लेषण (विगत ३० वर्षको)

यस बित्थडचिर गाउँपालिकामा विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको छ। यस विधिको प्रयोग गर्दा विशेष गरी विपद्संग जानकार व्यक्तित्व, ज्येष्ठ नागरिक तथा विपदबाट पीडित व्यक्तीहरुसँग छलफल गरिएको थियो। यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याएको भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी संकलन गरिएको थियो। यसबाट प्राथमिकता अनुसार विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप निर्धारण गर्ने आधार बनाउन सहज भएको छ।

### ऐतिहासिक प्रकोप घटना

| क्रस | मिति | घटना | स्थान | प्रकेपको प्रकार | प्रभावित परिवार | सूचना प्रमाणीकरण विधि |
|---|---|---|---|---|---|---|
| १ | २०५६ | बाढी पहिरोले घरहरू क्षति | ढोकला | बाढी | ९ परिवार | एफएम रेडियो, टेलिफोन |
| २ | २०७९ | घर र अन्नबालीमा क्षति | डुग्री | पहिरो | २ परिवार | मोबाइल फोन |
| ३ | २०८१ | मानविय क्षति | | चट्याङ | ४ जना | रेडियो, सामाजिक संजाल |
| ४ | २०८० | घरमा क्षति | | भूकम्प | १५२६ | रेडियो, सामाजिक संजाल |
| पातलो वस्ती रहेको, खेतीयोग्य जमिन धेरै भएको, पुलहरु नभएको, दक्ष मिस्त्री नभएको, व्यवस्थित खानेपानीको सुविधा नभएको, पातलो बस्ती, डोको, नाम्लो, कोलु, घट्ट, काठे पुल, कच्ची बाटोघाटो | दक्ष मिस्त्रीहरु कमै मात्रामा भए पनि पाउन थालिएको, खानेपनीको व्यवस्थापन हुन थालेको, पुल निर्माण भएको, गोरेटो बाटो मर्मत र निर्माण हुन थालेको, बस्ती बाक्लिदै गएको झोलुगें पुल, पक्की सडक | सडकको विस्तार हुन सक्ने, पुल र गोरेटो धेरै मात्रामा निर्माण हुने, सामुदायिक भवनहरुको निर्माण बढ्ने, भूकम्प प्रतिरोधी घरहरु निर्माण हुने, स्वच्छ खानेपानीको व्यवस्थापन हुने, घरका झ्याल, ढोका ठूला निर्माण हुने, एकल परिवार, जनसंख्या बृद्धि स्थानीय विकासमा लगानी | पुल, सडक र गोरेटो निर्माणले महिला तथा बालबालीकालाइ हिँडडुल गर्न सजिलो हुने, दक्ष डकर्मीद्धारा निर्मित मजबुत घरहरुमा मानिसहरु बढी सुरक्षित हुने, बढ्दो बस्तीले हुने वातावरण प्रदुषणबाट जन समुदायहरु बढी प्रभावित हुनसक्ने, बढ्दो शहरीकरणले प्रदुषण बढ्ने र जलवायु परिवर्तन बस्ती ब्यवस्थापन र स्थानान्तरण |
| **जल उत्पन्न प्रकोप** | | | |
| प्रशस्त जंगल भएका कारण बाढी पहिरोको जोखिम कम हुने गरेको | जनसंख्या बृद्धिले वन विनास भएको, सार्वजनिक जमिन अतिक्रमण हुने गरेको, बाढीले जतातते क्षति पुर्याएको | बाढीको जोखिम बढ्न सक्ने, जलवायु परिवर्तनको कारण अतिबृष्ट्री, अनाबृष्टी हुने खानेपानीको अभाव, सुरक्षित स्थानको अभाव | अत्यधिक खर्च बढ्ने, धन जनको क्षति स्वच्छ खानेपानीको अभाव, खाद्द संकट, सामाजिक बिखण्डन, समुदायमा रिस, राग, कलह तथा द्वेषको भावनामा बृद्धि |
| **पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदा** | | | |
| पुराना शैलीका मन्दिर, भगवान प्रति बिश्वास | मन्दिर सुधारिएका छन, घटदो बिश्वास | नास्तिकता | संरक्षण र संबर्धन गर्नुपर्ने |

## २.१२ वडाहरूको सङ्कटासन्नता तथा क्षमता विश्लेषण

### २.१२.१ संकटासन्नता स्तरीकरण

विगतको ३० वर्षको समय रेखाबाट आएको सूचनाको आधारमा क्षति विश्लेषण गरी त्यसबाट प्राप्त अङ्कभारलाई जोडेर वडाहरुको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गर्नु गरिएको छ।

| वडा नं. | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | बाली लगाउने वा भित्र्याउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविष्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | २ | २ | २ | २ | १ | १ | ३ | २ | २ | ३ | ३ | २ | २ | २ | २९ |
| **२** | ३ | ३ | ३ | ३ | ३ | १ | ३ | २ | २ | ३ | ३ | २ | २ | २ | ३५ |
| **३** | ३ | ३ | ३ | ३ | ३ | १ | ३ | २ | २ | ३ | २ | २ | २ | २ | ३४ |
| **४** | २ | २ | २ | १ | १ | १ | ३ | २ | २ | ३ | ३ | ३ | २ | २ | २९ |
| **५** | २ | २ | ३ | २ | २ | १ | ३ | २ | २ | ३ | २ | २ | २ | २ | ३० |
| **६** | २ | ३ | ३ | २ | ३ | १ | ३ | २ | २ | ३ | २ | २ | २ | २ | ३२ |
| **७** | २ | २ | २ | २ | २ | १ | ३ | २ | २ | ३ | ३ | २ | २ | २ | ३० |
| **८** | २ | २ | २ | २ | १ | १ | ३ | २ | ३ | ३ | ३ | २ | २ | २ | ३० |
| **९** | २ | २ | २ | २ | २ | १ | ३ | २ | ३ | ३ | २ | २ | २ | २ | ३० |

### २.१२.२ वडाको जोखीम स्तरिकरणः

| वडाहरु | प्राप्तांक | उच्च संकटासन्नता | मध्यम संकटासन्नता | न्यून संकटासन्नता |
|---|---|---|---|---|
| १ | २९ | | | |
| २ | ३५ | | | |
| ३ | ३४ | | | |
| ४ | २९ | | | |
| ५ | ३० | | | |
| ६ | ३२ | | | |
| ७ | ३० | | | |
| ८ | ३० | | | |
| ९ | ३० | | | |

स्पष्टिकरण

| क्र.सं | अङ्कभार | स्तर |
|---|---|---|
| १ | ३५ भन्दा माथी अङ्कभार | उच्च सङ्कटासन्न |
| २ | ३० देखि ३५ अङ्कभार सम्म | मध्यम सङ्कटासन्न |
| ३ | ३० भन्दा कम अङ्कभार | न्यून सङ्कटासन्न |

## २.१३ बित्थडचिर गाउँपालिकाका सम्भावित प्रकोपको जोखिममा रहेका समुदायहरु

| **प्रकोपको प्राथमिकता क्र.सं.** | **प्रकोप स्तरिकरणमा देखिएका मुख्य प्रकोपहरु** | **वडा नं.** | **सम्भावित प्रकोपको जोखिममा रहेका समुदायहरु** |
|---|---|---|---|
| १ | भूकम्प | सबै वडाहरु | बित्थडचिर गाउँपालिकाका सबै वडाहरुको ५० प्रतिशत घरधुरी |
| २ | पहिरो | सबै वडाहरु | बित्थडचिर गाउँपालिकाका सबै वडाहरुको ३० प्रतिशत घरधुरी |
| ३ | महामारी | सबै वडाहरु | बित्थडचिर गाउँपालिकाका सबै वडाहरुको ३० प्रतिशत घरधुरी |
| ४ | सडक दुर्घटना | सबै वडाहरु | गाउँपालिकाका अन्दाजी १५ प्रतिशत समुदाय |
| ५ | वन्यजन्तु आतंक | सबै वडाहरु | बित्थडचिरगाउँपालिकाका सबै वडाहरुको ३० प्रतिशत घरधुरी |
| ६ | बाढी | सबै वडाहरु | बित्थडचिर गाउँपालिकाका नदी, खोला नजीकका वडाहरुको २० प्रतिशत घरधुरी |
| ७ | खडेरी | सबै वडाहरु | बित्थडचिरगाउँपालिकाका सबै वडाहरुको ५० प्रतिशत घरधुरी |
| ८ | असिना | सबै वडाहरु | बित्थडचिरगाउँपालिकाका सबै वडाहरुको ५० प्रतिशत घरधुरी |
| ९ | आगलागी | सबै वडाहरु | बित्थडचिर गाउँपालिकाका सबै वडाहरुको १५ प्रतिशत घरधुरी । |
| १० | हावाहुरी | सवै वडाहरु | बित्थडचिरगाउँपालिकाका सबै वडाहरुको ४० प्रतिशत घरधुरीहरु । |
| ११ | चट्याङ | सबै वडाहरु | बित्थडचिरगाउँपालिकाका सबै वडाहरुको १० प्रतिशत घरधुरीहरु । |

# खण्ड ३ दीर्घकालीन सोच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

## ३.१ दीर्घकालीन दृष्टिकोण

विपद् जोखिम न्यूनीकरण र जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यहरूलाई संस्थागत बनाउँदै, विपद् प्रतिरोधी समुदायको निर्माण गर्ने यस योजनाको दीर्घकालीन लक्ष्य हो।

## ३.२ परिदृश्य

यस योजनाले समुदायको सक्रिय सहभागितामा आधारित विपद् र जलवायु उत्थानशील योजना बनाई कार्यान्वयन गर्नेछ। यसबाट विपद्को कारणले हुने मानवीय, सामाजिक, आर्थिक, भौतिक र जीविकोपार्जनका क्षतिहरू न्यूनीकरण गर्दै, समुदायको उत्थानशीलता बढाउने अपेक्षा राखिएको छ।

## ३.३ लक्ष्य

स्थानीय तहमा विपद् सङ्कट, जोखिम र क्षमताको विश्लेषण गरी, विपद् र जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकता दिने। यसलाई स्थानीय विकास प्रक्रियामा एकीकृत गरी, विपद् र जलवायु प्रतिरोधी समुदाय निर्माणमा योगदान पुर्याउने।

## ३.४ उद्देश्य

**क) न्यूनतम आधारभूत मापदण्ड निर्धारण**

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयारीका लागि आवश्यक न्यूनतम आधारभूत तथा साझा मापदण्डहरू निर्धारण गर्ने।

**ख) जोखिम व्यवस्थापनको एकीकरण**

स्थानीय तहमा विपद्को संकटासन्नता, जोखिम र क्षमताको विश्लेषण गरी, विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरूलाई प्राथमिकताका साथ स्थानीय विकास प्रक्रियामा समेट्ने। यसरी विपद् र जलवायु प्रतिरोधी समुदाय निर्माणमा योगदान पुर्याउने।

**ग) समावेशी सहभागिता सुनिश्चित गर्ने**

स्थानीय नीति र विकास कार्यक्रमहरूमा सबै वर्ग तथा समुदायहरूको समानुपातिक सहभागिता सुनिश्चित गर्ने, जसमा:

महिला, बालबालिका, किशोरकिशोरी

ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्तिहरू

दलित, आदिवासी, जनजातीय समुदाय

प्रकोप प्रभावित, जलवायु प्रभावित समुदाय

समावेश गरी विपद् जोखिम व्यवस्थापन र जलवायु अनुकूलनलाई संस्थागत बनाउने।

## ३.४ नीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी, निजी, सार्वजनिक निकाय तथा संघ संस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने।

## ३.५ रणनीति

स्थानीय तहमा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने।

यस योजनाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ।

१. समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने।
२. स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्ककन गर्दा अति जोखिम तथा संवेदनशील स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने साथै जोखिममा रहेका किशोरी, गर्भवती, सुत्केरी महिला, अपागंता भएका ब्यक्तिहरूलाइ पहिलो प्राथमिकता दिने।
३. बाढी तथा पहिरोबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नका लागि बाढीको पूर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि पहल गर्ने।
४. समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने।
५. स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने।

**निश्कर्षः**

बित्थडचिर गाउँपालिकाका जोखिम क्षेत्र पहिचान तथा विश्लेषणबाट सङ्कटासन्नता र क्षमता बिचको फरकलाई तुलना गरेर हेर्ने हो भने यस गाउँपालिकामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा धैरै कार्यहरु गर्नुपर्ने देखिन्छ। यसकारण यस गाउँपालिकामा भूकम्प, बाढी, पहिरो, चट्याङ, आगलागी, हुरीबतास, दुर्घटना, जनावर आतंक तथा खडेरीको जोखिमपूर्ण स्थानहरुको बारेमा पहिचान गरी, यसले पुर्याउने असर, क्षति तथा यसका समाधानको उपायका बारेमा समुदायमा जानकरी दिई यसको जोखिम न्युनिकरण गर्न सकिन्छ। यसका साथै आपत्कालिन

अवस्थाका लागि बित्थडचिर  गाउँपालिकामा रहेका सुरक्षित तथा खुल्ला स्थानको पहिचान तथा संरक्षण र समुदायमा जानकारी गराउनु आवश्यक देखिन्छ।
बित्थडचिर गाउँपालिकामा रहेका विभिन्न सरकारी, गैर सरकारी, नीजि संघ सस्थाहरू तथा विभिन्न महिला समूह, युवा क्लव, किशोरकिशोरी समूह बाल क्लवहरू, विद्यालयहरू आदि रहेका छन् तर ति संस्था तथा समूहहरूसँग विपद् पहिले तथा विपद्को समयमा समुदायले कसरी सहकार्य गर्न सक्छन् भन्ने कुरामा पनि समुदायमा पर्याप्त ज्ञान हुनु जरूरी देखिन्छ। साथै यस गाउँपालिकामा रहेका विभिन्न क्षेत्रसँग पहुँच भएका राजनैतिक दल तथा सरोकारवाला, महिला स्वास्थ्य स्वयम् सेविका, सिकर्मी, डकर्मी तालिम प्राप्त निर्माण कर्मीहरू लगायत युवा शक्तिहरूमा विपद् सम्बन्धी पनि उचित ज्ञान सीप तथा क्षमताको विकास गरिनु जरूरी छ। जोखिममा रहेका किशोरी, गर्भवती, सुत्केरी महिला, अपागंता भएका ब्यक्तिहरूलाइ पहिलो प्राथमिकता दिइ यो योजना कार्यान्यन गर्नुपर्ने हुन्छ। यस बित्थडचिर गाउँपालिकामा गाउँपालिका स्तरीय स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ र यस समितिलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सिप, क्षमताको विकास गर्नु जरुरी छ। यसैगरी यस गाउँपालिकामा विभिन्न कार्यदलहरू पूर्व सूचना तथा सञ्चार, खोज तथा उद्धार, प्राथमिक उपचार, मनोसामाजिक परामर्श, आपत्कालिन शिविर व्यवस्थापन र खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन जस्ता कार्यदलहरू गठन गरी ति कार्यदललाई विभिन्न तालिम तथा आपत्कालिन सामाग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिबृद्धि गर्नुपर्ने देखिन्छ। यसका साथै विपद् व्यवस्थापन समितिमा आपत्कालिन कोष समेत स्थापना गरी विपद् व्यवस्थापनमा समुदायलाई सक्षम बनाउनु जरुरी छ। कुनै पनि विपद्मा पहिलो सहभागीता तथा पहुँच समुदायकै हुने हुँदा यसै कुरालाई मध्य नजर गर्दै यस गाउँपालिकामा बहुप्रकोपसँग जुध्नका लागि मानविय, आर्थिक, भौतिक श्रोत साधनको विकास गरी यस बित्थडचिर गाउँपालिकालाई विपद् उत्थानशील गाउँपालिकाको रुपमा स्थापित गर्नको लागि आवश्यक क्रियाकलापहरुलाई योजनामा समावेश गरिएको छ।

# खण्ड ४: विपद् जोखिम व्यवस्थापन योजना

वि.सं. २०८२ सालमा बित्थडचिर गाउँपालिकामा गरिएको सङ्कटासन्नता तथा क्षमता अध्ययनले पहिचान गरेका मुख्य विपद्बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्दै, समुदायलाई जोखिम व्यवस्थापनमा सक्षम बनाउने, तथा विपद् जोखिम व्यवस्थापनलाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति र कार्यक्रममा समावेश गर्ने यस योजनाको मुख्य उद्देश्य रहेको छ।

यस योजनाबद्ध कार्यक्रममा सम्भावित विपद्को जोखिम घटाउने, आपत्कालीन प्रतिकार्य व्यवस्थापन गर्ने र विपद्पश्चात् पुनर्निर्माणका लागि दिशानिर्देश समावेश गरिएको छ। साथै, गाउँपालिकाभित्र विपद् जोखिम तथा सङ्कटासन्नताको विश्लेषणको आधारमा भूकम्प, जनावर आतंक, बाढी, पहिरो, चट्याङ, आगलागी जस्ता विपद्हरूको प्रभाव कम गर्न स्थानीय समुदाय, वडा विपद् तथा जलवायु उत्थान समिति, सम्बन्धित निकाय र सरकारी संस्थाहरूले समन्वयपूर्वक जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। यस स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा निम्न बिषयगत योजनाहरू समावेश गरिएका छन्:

### ४.१ विपद् पूर्वका क्रियाकलापहरू (जनचेतना, क्षमता अभिबृद्धि र पूर्वतयारी)

विपद् पूर्व तयारीका क्रियाकलापहरू अन्तर्गत पालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले आफ्नो जिम्मेवारीमा कार्यान्वयन गर्ने जनचेतना अभियान, क्षमता विकास र पूर्वतयारीका कार्यक्रमहरूलाई अलग शीर्षकमा वर्गीकृत गरिएको छ। त्यस्तै, गाउँपालिकाले वडा स्तरका अन्य सम्बन्धित पक्षहरूबाट कार्यान्वयन गराउने योजनाहरूलाई पृथक रूपमा राखिएको छ।

साथै, गाउँपालिकाका दीर्घकालीन रणनीतिक योजनाहरूलाई अलग शीर्षक दिइएको छ भने संरचनात्मक जोखिम न्यूनीकरणका कार्यक्रमहरूलाई पनि छुट्टै श्रेणीमा समावेश गरिएको छ, जसको विवरण निम्नानुसार छ:

#### ४.१.१ गाउँपालिकाको जोखिम न्यूनीकरणको लागि नितिगत व्यवस्थाहरु

| क्रस. | नीतिगत व्यवस्थापनका योजना | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| १ | विपद् प्रतिकार्यको लागि संकटासन्न समुदायबाट प्रतिनिधित्व हुने गरि पूर्व सूचना, खोज तथा उद्दार, प्राथमिक उपचार र क्षतिको लेखाजोखा कार्यदल गठन गरि तालिमको प्रवन्ध गर्ने र त्यो संख्या आवश्यकता अनुसार बढाउदै लैजाने नीति तर्जुमा गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ वर्ष भित्र |
| २ | सम्वन्धित प्रकोपको संकटासन्न समुदाय तथा क्षेत्रमा विपद् पूर्व सूचना प्रणाली स्थापना गर्ने र | पालिका विपद् जोखिम | स्थानीय विपद् तथा | जिल्ला विपद् | ३ वर्ष भित्र |

| क्रस. | नीतिगत व्यवस्थापनका योजना | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| | सूचना संयन्त्रलाई चुस्त दुरुस्त राख्न कर्मचारी व्यवस्थापन गर्ने र त्यसको पहुँच सम्बन्धित सबै घर परिवार सम्म पुर्याउने नीति तर्जुमा गर्ने। | न्यूनीकरण तथा व्यवस्थापन समिति | जलवायु उत्थानशील समिति | व्यवस्थापन समिति | |
| ३ | समुदायमा विपद् प्रभावितको नाममा क्षतिपुर्ति प्रदान गर्ने भन्दा बैकल्पिक आय आर्जनका क्रियाकलापको लागि सहुलियत सहित प्रोत्साहित गर्ने र उत्थानशील समुदाय निर्माणको नीति तर्जुमा गरि कार्यान्वयन गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ वर्ष भित्र |
| ४ | गाउँपालिका भित्रका सामुदायिक वनहरुले अग्निरेखा निर्माण, अग्नि नियन्त्रण योजना, विपद् व्यवस्थापन कोष र नयाँ बृक्षारोपणको योजना तथा पृष्टपोषणका आधारमा सहुलियत, सिफारिस तथा अनुदानको व्यवस्था गर्ने नीति तर्जुमा गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ वर्ष भित्र |
| ५ | गाउँपालिका अन्तरगतका हरेक विद्यालयहरुमा प्रत्येक बर्ष विपद् जोखिम न्यूनिकरण सम्बन्धि विद्यालय सुरक्षा योजना तयार गरि १ प्रति गाउँपालिकामा पेश गर्ने नीति तर्जुमा गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ वर्ष भित्र |
| ६ | प्रत्येक समुदायमा सुरक्षित स्थानको पहिचान गरी बस्ती विस्तार योजना तयार गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ वर्ष भित्र |

### ४.१.२ संरचनात्मक जोखिम न्यूनीकरण

समुदाय हुँदै वडा र समग्र गाउँपालिकाको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्राप्त नतिजाको आधारमा गाउँपालिकामा सञ्चालन गर्नुपर्ने विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप पहिचान गरी सूचीकृत गर्दा तिनको प्राथमिकता निर्धारण गर्नु पर्नेछ। क्रियाकलाप पहिचान गर्न सुरुमा वडा, गाउँपालिकाका नवनिर्वाचित प्रतिनिधीहरु, सचेतना केन्द्र, सबै क्षेत्र र वर्ग (महिला, बालबालीका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, अल्पसंख्यक, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू एवं नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागितामा गाउँपालिकाका क्रियाकलापहरु पहिचान र प्राथमिकीकरण गर्ने र गाउँपालिका स्तरमा प्राथमिकतामा आएका योजनाहरुलाई पालिका विपद् व्यवस्थापन समितिका सदस्यहरु बीच छलफल चलाई गाउँपालिका वा गाउँपालिकास्तरको विपद् र जलवायु उत्थानशील क्रियाकलापहरुको प्राथमिकता

निर्धारण गर्न सकिनेछ। त्यस्ता संरचनात्मक जोखिम न्यूनीकरणका क्रियकलापहरुलाई निम्न बमोजिमको ढाँचामा सूचीकृत गरिएको छ।

**(संरचनात्मक जोखिम न्यूनीकरणका क्रियाकलापहरुलाई वडाहरुको उच्च संकटासन्नताको आधारमा क्रमवद्ध गरिएको छ ।)**

| क्र. सं | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| **वडा नं. १** | | | | | | |
| १ | सडक दुर्घटना | बित्थड बजार | जेब्राकस निर्माण गर्ने | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| २ | पहिरो | खुलमोर | ग्याविन जाली निर्माण तथा बृक्षारोपण | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ३ | ज.जं आतंक | खुलमोर, मुलापानी, अनन्दपुर, बित्थड | पहरेदार वा हेरालुको ब्यवस्था, जंगली जनावर भगाउने साईरन जडान | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| ४ | आगलागी | कालिका सा.व. | अग्निरेखा निर्माण, जनचेतना | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| **वडा नं. २** | | | | | | |
| १ | पहिरो | पहिरोको उच्च जोखीम रहेका टोलहरुः स्याँडी, कुसेना, महुभेरा | बृक्षारोपाण, ग्याविन जाली निर्माण | वडा कार्यालय | आन्तरिक तथा बाह्य | २ वर्ष भित्र |
| २ | चट्याङ | बजार क्षेत्रका टोलहरु | अर्थिङ जडान | वडा कार्यालय | आन्तरिक तथा बाह्य | २ वर्ष भित्र |
| ३ | ज.जं आतंक | कुसेना, महुभेरा | पहरेदार वा हेरालुको ब्यवस्था, जंगली जनावर भगाउने साईरन जडान | वडा कार्यालय | आन्तरिक तथा बाह्य | २ वर्ष भित्र |
| **वडा नं. ३** | | | | | | |
| १ | पहिरो | पैरा, तल्लागाउँ | ग्याविन जाली १०० मि | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| २ | बाढी | नाडा टोल | पुल, तटबन्ध, ग्याविन जाली | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| **वडा नं. ४** | | | | | | |
| १ | पहिरो | काँटै, डुग्री | ग्याविन जाली निर्माण तथा बृक्षारोपण | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| २ | चट्याङ | बजार क्षेत्रका टोलहरु | अर्थिङ जडान | वडा कार्यालय | आन्तरिक तथा बाह्य | २ वर्ष भित्र |

| क्र.सं | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| ३ | सडक दुर्घटना | देउलेख, डुग्री, तेल्यान | जेब्राकस निर्माण गर्ने | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| ४ | ज.जं आतक | सवै टोलहरुमा | साईरन जडान तथा पहरेदारको ब्यवस्था | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| **वडा नं. ५** | | | | | | |
| १ | ज.जं आतक | रूमधुम | साईरन जडान तथा पहरेदारको ब्यवस्था | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| २ | पहिरो | वसैल, धामीगाउँ | ग्याविन जाली निर्माण १०० मिटर लामो १०० चौडो | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ३ | बाढी | वसैल, धामीगाउँ | ग्याविन जाली निर्माण १०० मिटर | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ४ | खडेरी | रूमधुम | बृक्षारोपण | वडा कार्यालय | आन्तरिक | २ वर्ष भित्र |
| ५ | आगलागी | सिगास सा.व. | अग्निरेखा निर्माण, जनचेतना | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| **वडा नं. ६** | | | | | | |
| १ | पहिरो | काचडा, दल्ली | खोला चिउरोमा वृक्षारोपण | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| २ | चट्याङ | बजार क्षेत्रका टोलहरु | अर्थिङ जडान | वडा कार्यालय | आन्तरिक तथा बाह्य | २ वर्ष भित्र |
| ३ | ज.जं आतक | सवै टोलहरुमा | साईरन जडान तथा पहरेदारको ब्यवस्था | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ४ | बाढी | बोनाली, बुङाबगर, द्वारी | ग्याविन जाली निर्माण, तटवन्ध/वृक्षारोपण | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ५ | आगलागी | चिरासैन, गैरा सा.व. | अग्निरेखा निर्माण, जनचेतना | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| **वडा नं. ७** | | | | | | |
| १ | पहिरो | जालिम, टुडिखाड, बानाला | ग्याविन जाली १० जाली भर्ने | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| २ | ज.जं आतक | सवै टोलहरुमा | साईरन जडान तथा पहरेदारको ब्यवस्था | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ३ | बाढी | टुडीखाड, मेल्टा, लगुणासा | ग्याविन जाली निर्माण, तटवन्ध/वृक्षारोपण | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ४ | सडक दुर्घटना | सुवाकोट, चिसापानी, पलटामोड | जेब्राकस निर्माण गर्ने | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| **वडा नं. ८** | | | | | | |

| क्र. सं | प्रमुख प्रकोपहरु | समुदायको नाम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोत | समय अवधि |
|---|---|---|---|---|---|---|
| १ | पहिरो | ढेकला, बरबेल्का, जालीम | ग्याविनजाली ६० घ.मि. | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| २ | बाढी | रूपैल, उस्काला | ग्याविन जाली निर्माण, तटवन्ध/वृक्षारोपण/ | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ३ | जमीन भासिने | उस्काला, काडागाउँ, धरान | ग्याविनजाली १०५ घ.मि. कर्कट पाता ५० थान | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ४ | सडक दुर्घटना | धरान, रूपैल | जेब्राकस निर्माण गर्ने | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| ५ | आगलागी | मालतोला सा.व. | अग्निरेखा निर्माण, जनचेतना | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| **वडा नं. ९** | | | | | | |
| १ | पहिरो | काटेगाउँ, लिस्खेली | ग्याविन जाली | वडा कार्यालय | बाह्य | ५ वर्ष भित्र |
| २ | बाढी | तल्लाधारी, बागथला | ग्याविन जाली निर्माण, तटवन्ध/वृक्षारोपण/ | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ३ | सडक दुर्घटना | सुनकुडा, खलबाटा, बागथला | जेब्राकस निर्माण गर्ने | वडा कार्यालय | आन्तरिक | १ वर्ष भित्र |
| ४ | ज.जं आतक | रैकोशी, उडी, धारी | साईरन जडान तथा पहरेदारको ब्यवस्था | वडा कार्यालय | बाह्य | २ वर्ष भित्र |
| ५ | खडेरी | परिभ्वाँ, नेटाकोट | बृक्षारोपण, | वडा कार्यालय | आन्तरिक | २ वर्ष भित्र |

### ४.१.३ स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले कार्यान्वयन गर्नुपर्ने संस्थागत, जनचेतना, क्षमता अभिवृद्धि र पूर्वतयारीका क्रियाकलापहरु

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| १ | नियमित बैठक तथा समन्वयमा कमि | अत्यावश्यक अवस्था बाहेक पनि पालिका विपद् व्यवस्थापन समितिको बैठक मासिक तथा चौमासिक रुपमा नियमित संचालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| २ | समुदायमा प्रकोपहरु सम्बन्धी पर्याप्त जानकारीको अभाव | वडाका सम्पूर्ण घरधुरीहरुलाई आपतकालीन सम्पर्क नम्बर, विभिन्न प्रकोपहरु, ती प्रकोहरुको जोखिमको अवस्था, क्षति न्यूनीकरणका उपायहरु तथा पूर्वतयारी सम्बन्धि जानकारीमुलक क्यालेण्डर बनाइ वितरण गर्ने।<br>क्यालेण्डरको डिजाइन तयार गर्ने।<br>क्यालेण्डरहरुको छपाइ तथा वितरण गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |
| ३ | संकटासन्नता तथा क्षमता लेखाजोखाबारे सचेतनामा कमि | सबै वडाहरुमा वडा विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमाको लागि सहभागितामुलक संकटासन्नता तथा क्षमता लेखाजोखा तालिम सञ्चालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | प्रत्येक वर्ष |
| ४ | कृतिम घटना अभ्यास नहुनु | गाउँपालिकाको सबै वडामा विपद् व्यवस्थापन कार्यसँग सम्वन्धी कृतिम घटना अभ्यास गराई कार्यदललाई तयारी राख्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | प्रत्येक वर्ष |
| ५ | सचेतना अभिबृद्धिका क्रियाकलाप | वडाहरु अन्तरगत समुदायमा विपद् पूर्वतयारी सम्वन्धी सचेतनामुलक सडक नाटक कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | प्रत्येक वर्ष |
| ६ | विद्यालय, सामुदायिक वन, तथा विभिन्न उप समितिहरुले विपद् जोखिम न्यूनीकरणको क्षेत्र बहन गर्ने जिम्मेवारी बाँडफाँड नहुनु | विद्यालय, सामुदायिक वन, तथा विभिन्न उप समितिहरुले गर्नुपर्ने जोखिम न्यूनीकरण योजनाहरु कार्यान्वयन गराउने र गरेको कामको प्रतिवेदन वडा कार्यालयको बैठकमा प्रस्तुत गर्न लगाई समिक्षा गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | प्रत्येक वर्ष |
| ७ | कृषि तथा पशुरोग महामारी न्यूनिकरण सम्बन्धि दक्ष | कृषि तथा पशुरोग महामारी न्यूनिकरणको लागि प्रत्येक वडामा दक्ष जनशक्ति उत्पादन गर्न कृषि तथा पशु सम्वन्धी तालिम सञ्चालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | प्रत्येक वर्ष |

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | जनशक्तिको अभाव | | | | | |
| ८ | समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी दक्ष जनशक्तिको अभाव | पालिकातथा प्रत्येक वडाका विपद् व्यवस्थापन समितिका ५ जना गरी ६० जनपदाधिकारीहरुलाई ५ दिने समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी २ वटा तालिम कार्यक्रमहरु सञ्चालन गर्ने र यो संख्या प्रत्येक आर्थिक वर्ष बढाउदै लैजाने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | | ✓ | प्रत्येक वर्ष |
| ९ | संकटासन्नता तथा क्षमता लेखाजोखा दक्ष जनशक्तिको अभाव | गाउँपालिकाका सबै वडाहरुमा संकटासन्नता तथा क्षमता लेखाजोखा अध्यावधिक गर्ने। (वडाहरुमा संकटासन्नता नक्सांकन गरि होडिङ्ग बोर्ड राख्ने) | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | | ✓ | प्रत्येक वर्ष |
| १० | विपद् जोखिम व्यवस्थापन सम्बन्धी सूचना संकलन तथा सम्प्रेषणको उचित व्यवस्था नहुनु | पालिका स्तरीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सिकाई केन्द्रको स्थापना गरि प्रभावकारीतामा बृद्धि गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |
| ११ | पूर्व सूचना प्रणाली प्रभावकारी नहुनु | SMS प्रणालीको निर्माण बारे समुदायमा जानकारी गराई वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई पूर्व सूचना प्रणालीबारे अभिमुखिकरण गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | प्रत्येक वर्ष |
| १२ | प्रतिकार्य योजना अद्यावधिक नहुनु | गाउँपालिकाले पालिकास्तरीय बहुप्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | | ✓ | २०८३ साल भित्र |
| १३ | सचेतनाका कार्य | ग्यास सिलेण्डर, बिद्धुतिय आगलागी तथा समुदायमा हुने आगलागीबारेको सावधानी अपनाउन सार्वजनिक सचेतना अभियान। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | प्रत्येक वर्ष |
| १४ | पानीका स्रोत कम हुदै जानु | पानीका श्रोतहरु पत्ता लगाउने र स्रोत संरक्षण गर्न बृक्षारोपण तथा संरचनात्मक कार्यहरु गर्ने। | स्थानीय विपद् तथा जलवायु | ✓ | | प्रत्येक वर्ष |

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | | | उत्थानशील समिति | | | |
| १५ | भूकम्पिय सचेतनामा कमि | गाउँपालिकाका प्रत्येक वडाका समुदायहरुका अगुवाहरु, स्थानीय संघ संस्थाहरुका प्रतिनिधिहरु, पत्रकार, राजनैतिक दलका प्रतिनिधिहरु लगायत महिला समूहहरुको लागि प्रत्येक वर्ष प्रति वडा २ वटा भूकम्पीय जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी १ दिवसीय सचेतना कार्यक्रमहरु संचालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | प्रत्येक वर्ष |
| १६ | भूकम्प प्रतिरोधि संरचनाका क्याटलगहरु नहुनु | गाउँपालिका भित्र विभिन्न सरकारी, गैर सरकारी तथा निजी संघ संस्थाहरुमा कार्यरत इन्जिनियर, आर्किटेक्ट तथा सब इन्जिनियरहरुको लागि २ वटा पाँच दिने भूकम्प प्रतिरोधी भवन डिजाइन तथा निर्माण प्रविधि तालिम कार्यक्रमहरु सञ्चालन गर्ने र भूकम्प प्रतिरोधि संरचनाका क्याटलगहरु बनाई वितरण गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | २०८३ साल भित्र |
| १७ | विपद् तथा जलवायु परिवर्तन सिकाई केन्द्र नहुनु | पालिका र वडाहरुमा विपद् तथा जलवायु परिवर्तन सिकाई केन्द्र स्थापना गर्ने र त्यसलाई प्रभावकारी बनाउने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | २०८३ साल भित्र |
| १८ | स्वयं सेवकहरुलाई प्राथमिक उपचार तालिम नहुनु | नेपाल रेडक्रस सोसाइटीको सहयोगमा प्रत्येक वडाबाट कम्तिमा ५ जना स्वयं सेवकहरुको लागि प्राथमिक उपचार तालिम सञ्चालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | २०८३ साल भित्र |
| १९ | खोज उद्धार जनशक्ति नहुनु | प्रत्येक वडाबाट कम्तिमा १२ जनाको लागि तीन दिने सरल खोज उद्धार तालिम कार्यक्रमहरु सञ्चालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | २०८३ साल भित्र |
| २० | गैर संरचनात्मक जोखिम न्यूनीकरण सम्बन्धि | प्रत्येक वडाबाट कम्तिमा ३० जना गृहणीहरुको लागि २ दिने गैर संरचनात्मक जोखिम न्यूनीकरण तथा पूर्वतयारी तालिम कार्यक्रमहरु प्रत्येक वर्ष सञ्चालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | प्रत्येक वर्ष |

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | जानकारीको अभाव | | | | | |
| २१ | युवा सञ्जाल, बाल क्लव, किशोरकिशारी समूहहरुलाई समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण सम्बन्धि प्रर्याप्त जानकारीको अभाव र अग्रसरतामा कमि | वडा भित्र रहेका युवा सञ्जाल, बाल क्लव, किशोरकिशारी समूह, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका सम्बन्धि क्षमता अभिबृद्धि गर्ने तथा विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा अगुवाई गर्न प्रेरित गर्ने किसिमका कार्यक्रमहरु संचालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | प्रत्येक वर्ष |
| २२ | सम्भावित जोखिम क्षेत्रबारे ज्ञान नहुनु | बाढी/डुबान, आगलागीबाट हुने विपदहरुको पूर्वतयारीको जानकारीको लागि सम्भावित क्षेत्रमा होर्डिङ्गबोर्डहरु राख्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |
| २३ | खुल्ला स्थानको पहिचान तथा प्रचार प्रचार नहुनु | गाउँपालिका भित्र आपत्कालीन आश्रयका लागि उपयुक्त सार्वजनिक खुल्ला स्थान तथा भवनहरु पहिचान गरि सबैलाई जानकारी गराउने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| २४ | समुदायमा प्रभावकारी विपद् व्यवस्थापनको लागि विभिन्न दक्ष कार्यदल नहुनु । | संकटासन्न समुदायहरुमा खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्व सूचना प्रणाली, आकस्मिक स्वास्थ्य तथा सरसफाई र आवश्यकता लेखाजोखा कार्यदल गठन गरी तत् सम्बन्धि तालिम तथा सामग्रीको प्रवन्ध गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| २५ | समुदायमा परम्परागत तथा निर्वाहमुखी कृषि प्रबिधि कायम हुनु | समुदायका विपद् संकटासन्न र नमुना कृषकहरुलाइ कृषि विज्ञको सहयोगमा विपद् थेग्ने बाली प्रतिस्थापन, बेमौसमि तरकारी, बाली लगायत ब्यवसायिक आय आर्जन हुने सीपमुलक तालिम प्रदान गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | निरन्तर |

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| २६ | भवन निर्माण आचार संहिता बारे जानकारी नहुनु | भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधिको जानकारीमूलक सूचना भएको होर्डिङ्गबोर्डहरु प्रत्येक वडामा राख्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | २०८३ साल भित्र |
| २७ | वन क्षेत्रको आगलागीको बिषयमा समुदायको ध्यान नजानु | सामुदायिक वन उपभोक्ता समिति अन्तरगतका योजनाका क्रियाकलापहरुको कार्यान्वयन गर्ने गराउने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| | | प्रत्येक सामुदायिक वनहरुले विपद् व्यवस्थापन कोष स्थापना गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| २८ | समुदायमा प्रतिरोधात्मक निर्माणको बारे जनचेतनाको कमि तथा प्रतिरोधि मापदण्ड कडाईका साथ पालना नहुनु | समुदायमा निर्माणको काम गर्ने सिकर्मी, डकर्मीहरुलाई भूकम्प प्रतिरोधि भवन निर्माण तालिमको साथसाथै बहुप्रकोपले क्षति नगर्ने किसिमको सुरक्षित स्थान पहिचान सम्बन्धि अवधारणगत तालिम प्रदान गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | निरन्तर |
| | | समुदायमा झट्पट् झोलाको आवश्यकता, महत्व र त्यसमा राख्नुपर्ने अत्यावश्यक सामाग्रीको बारेमा जनचेतना फैलाउने । | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | निरन्तर |
| २९ | लक्षित वर्ग विशेष राहत कृयाकलापको व्यवस्था नहुनु | किशोरी, गर्भवती र सुत्केरी महिलाहरुलाई आवश्यक पर्ने किशोरी किट (Kishori Kit) र महिला मर्यादा सामग्री (Dignity Kit) तयारी अवस्थामा राख्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | |
| ३० | विकासले बिनास निम्तिने खतरा | कुनैपनि विकास निर्माणको काम गर्दा आवश्यकता अनुसार वातावरणीय प्रभाव मुल्यांकन गरेर मात्र काम गर्ने । | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| **पूर्व तयारीका क्रियाकलापहरु** | | | | | | |
| | विपद् प्रतिकार्य गर्न स्थानीय विपद् तथा जलवायु | १. गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति अन्तरगत रु. पच्चीस लाखको आपत्कालीन कोष रहेको तथा थप कोष बृद्धिको क्रियाकलाप तय गर्ने र आपतकालीन | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | उत्थानशील समिति | कोष संचालन निर्देशिका बनाउने। | | | | |
| | | २. अस्थाई पुनर्वासका लागि त्रिपाल, भाँडाकुडा लगायतका उद्दार सामग्रीहरु र स्वास्थ्य सामग्री भण्डारण गरेर राख्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |
| | | ३. आपत्कालिन अवस्थाका लागि आवश्यक खाद्य तथा गैरखाद्य सामग्रीको बन्दोबस्त गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |
| | | ४. स्थानीय विकास साझेदारहरु संगको समन्वयमा बृद्धि गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| | | ५. आपत्कालिन अवस्थाका लागि आवश्यक खानेपानी शद्धिकरणका समाग्री पियुष, क्लोरीन झोल जस्ता वस्तु भण्डारण गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |
| | | ६. समुदायमा मनोसामाजिक परामर्श दिन सक्न ब्यक्ति पहिचान गरी तालिमको व्यवस्था गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| | | ७. समुदायहरुमा स्वास्थ्य बिमा, कृषि बाली, पशुधनको बिमा तथा निर्जिवन बिमाको लागि प्रोत्साहित गर्ने कार्यक्रम संचालन गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| | | ८. प्राथमिक उपचार, खोज तथा उद्दार तालिम प्राप्त ब्यक्तिहरुको सुचि तयार गरि वडा कार्यालयमा टास्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| | | ९. वडामा सहजै उपलब्ध हुने तथा स्थायी बसोबास गर्ने युवाहरुलाई तालिम उपलब्ध गराउने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | निरन्तर |
| | | १०. सामुदायिक वनहरुले समूहको नाममा खाता संचालन गरि विपद् व्यवस्थापन कोष स्थापना गर्न लगाउने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | क्रियाकलाप | मुख्य जिम्मेवारी | श्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| | | गाउँपालिका भरिको खुल्ला तथा सुरक्षित स्थानहरू तथा आश्रय स्थलको पहिचान गर्ने<br>१. गाउँपालिका भरिको सुरक्षित स्थानहरुः<br>२. वडा नं. १. केदार मा.वि. भवन तथा चौर, बित्थड खुला मैदान<br>३. वडा नं. २. महादेव मा.वि.भवन तथा लीम खेल मैदान<br>४. वडा नं. ३. दुधढल्ला चौर<br>५. वडा नं. ४. देबेश्वरी मा.वि.भवन तथा चौर,<br>६. वडा नं. ५ शिवभवानी आवि खेल मैदान,<br>७. वडा नं. ६. भगवती मा.वि. भवन तथा चौर<br>८. वडा नं. ७. भूमिराज आवि भवन तथा चौर, सुवाकोट<br>९. वडा नं. ९. सुनकुडा मा.वि.सुनकुडा, मा.वि., सुनकुडा क्याम्पस भवन तथा खेल मैदान, मष्टा मा.वि. धारी<br>१०. समुदाय स्तरमा अन्य खुल्ला तथा सुरक्षित स्थानहरू तथा आश्रय स्थलको पहिचान गर्ने | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |
| | | ११. यस गा.पा. भित्र बन्ने कुनै पनि सार्वजनिक संरचनाहरु बालमैत्री, आपाङ्ग मैत्री, जेष्ठ नागरिक मैत्री बनाउने निति बनाइ लागु गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | निरन्तर |
| | | १२.बित्थडचिर गाउँपालिकाको प्रत्येक वडामा वडा आपतकालीन कार्य संचालन केन्द्र र गाउँपालिकाको हकमा स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |
| | | १३.संकटासन्न टोल तथा समुदायमा आवश्यकता अनुसार खोज तथा उद्धार सामग्री, औजार भण्डारण गर्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | ✓ | २०८३ साल भित्र |
| | | १४.विभिन्न क्षेत्रबाट विपद् व्यवस्थापनको भुमिकामा तालिम प्राप्त, दक्ष, बिशेषज्ञ, जिम्मेवारी वहन गरेका ब्यक्तिहरुको सूची वनाई वडामा तथा गाउँपालिकामा राख्ने। | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | ✓ | | २०८३ साल भित्र |

### ४.१.४ प्रकोपहरुको सन्दर्भमा छुट्टा छुट्टै जोखिम न्यूनीकरण पूर्वतयारी क्रियाकलापहरु

| प्रकोपहरु | प्रमुख जोखिम तथा समस्या | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य | |
| भूकम्प | समुदायमा भूकम्प बारेको जनचेतनाको कमि | समुदायमा भूकम्प सम्बन्धी जानकारी मुलक पोष्टर पम्पलेट तयार गरी वितरण गर्ने। | पालिकाविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | भूकम्प सम्बन्धी कृत्रिम अभ्यासको बारेमा जानकारीको अभाव | समुदायलाई भूकम्प सम्बन्धी कृत्रिम अभ्यास गराउने। | पालिकाविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | विपद्का बेला अत्यावश्यक सामाग्रीको अभाव हुने | अत्यावश्यक सामाग्री सहितको झटपट झोला सम्बन्धमा समुदायमा जानकारी दिने। | विपद्का बेला अत्यावश्यक सामाग्रीको अभाव हुने | ✓ | | |
| | आपत्कालिन अवस्थामा तत्काल घाइतेको उद्धार र उपचारको अभाव तथा कार्यदलको अभाव | समुदायमा पूर्वसूचना, खोज तथा उद्धार, प्राथमिक उपचार, आवश्यकता लेखाजोखा, आपतकालिन स्वास्थ्य तथा सरसफाई जस्ता कार्यदलहरू गठन गर्ने तालिम तथा अभ्यासहरू गराउने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | भूकम्प प्रतिरोधी संरचना नहुदा थप जोखिम बढ्ने | वडा भरिका कच्ची तथा गैर प्रतिरोधी घरहरुको तथ्यांक संकलन गरि नयाँ बन्ने घर नक्सा पास गरि भूकम्प प्रतिरोधि मापदण्ड अनुसार मात्र बनाउन पाउने ब्यवस्था कडाईका साथ लागु गर्ने । भूकम्प प्रतिरोधि घरहरुको संख्यामा उल्लेख्य बृद्धि गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | भूकम्प प्रतिरोधी संरचना नहुदा थप जोखिम बढ्ने | वडा भरिका कच्ची तथा गैर प्रतिरोधी घरहरुको तथ्यांक संकलन गरि नयाँ बन्ने घर नक्सा पास गरि भूकम्प प्रतिरोधि मापदण्ड अनुसार मात्र बनाउन पाउने ब्यवस्था कडाईका साथ लागु गर्ने। भूकम्प प्रतिरोधि घरहरुको संख्यामा उल्लेख्य बृद्धि गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाढी | बाढी सम्बन्धी प्रतिकार्यका उपायको बरेमा जानकारीका अभाव | बाढीको पूर्व सूचना प्रणाली स्थापना गर्ने र जल तथा मौसम विज्ञान बिभागले जारी गर्ने सूचनाको संयन्त्र समुदाय स्तर सम्म पुर्याउने ब्यवस्था मिलाउने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | जोखिमपूर्ण स्थानको बारेमा समुदायमा पर्याप्त जानकारी नहुनु । | बर्षातको समयमा आवश्यक गर्ने उद्दारको सामग्रीहरु प्रतिकार्य टोलीले सहजै उपलब्ध हुने किसिमले तयारी अवस्थामा राख्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | प्रत्येक वडाहरुमा बाढीको जोखिमपूर्ण स्थानहरुको पहिचान गरी सो स्थानहरुमा होडिङ बोर्ड लगाउने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | खोला किनारको जग्गा कटान भई घर तथा खेतबारीहरु मासिन सक्ने | खोला किनारको कटान हुने ठाउहरु पहिचान गरि जैबिक तटबन्ध तथा वायोईन्जिनियरिङ्ग प्रविधि मार्फत जोखिम न्यूनीकरण गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| माहामारी | स्वास्थ्य र सरसफाईको कमिले गर्दा तथा परजिवि मार्फत फैलिने रोगहरुले पुर्याउने क्षतिले मानिस लामो अवधिसम्म बिरामी पर्ने तथा मृत्यु हुन सक्ने, रोजगारी गुम्ने, उपचारमा खर्च वढी हुने | टेलिफोन, स्थानीय एफ.एम.र पत्रपत्रिकाको माध्यमबाट सम्भावित महामारीको जनचेतना सम्बन्धी कार्यक्रम प्रशारण गर्ने, फोहोर मैलाको उचित व्यवस्थापन। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | होटेल रेष्टुरेन्ट तथा हाटबजार तथा सडकमा बेचिने पकाएर वा काँचै खाने वस्तुहरुको गुणस्तरको अनुगमन। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | मास्क लगाउने, साबुन पानीले मिचिमिचि हात धुने, ज्वरो, रुघा तथा खोकी लागेमा नजिकको स्वास्थ्य चौकीमा स्वास्थ्य चेकजाँच गर्ने कुरा सचेतना जगाउने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| हावाहुरी | मानिस, पशुपंक्षीहरु घाइते वा मृत्यु हुन सक्ने, काठबाट बनेका घरहरु तथा कच्ची घरका छाना उडाउने विद्युत प्रसारण, दूरसञ्चार टावरहरु तथा रुखहरु ढल्ने, आगलागी भई ठूलो क्षेत्रमा फैलन सक्ने | बनिसकेका घरहरुलाई हुरीबतास प्रतिरोधात्मक बनाउन विशेष मर्मत संभार प्रविधिको प्रयोगबारे समुदायमा जनचेतना अभिबृद्धगर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | विद्युत प्रसारण, दूरसञ्चार टावरहरु लगायत होर्डिङ्ग बोर्डहरुको स्थिरीकरण। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | हुरीबतासको मौसममा आगलागीको सावधानी अपनाउन सार्वजनिक सचेतना अभियान। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आगलागी | समुदायमा आगलागी नियन्त्रण सम्बन्धिको स्रोत, साधन तथा जनशक्ति नहुनु<br><br>विद्युतीय जोखिम बारे जनचेताको कमि | आगलागी नियन्त्रणका लागि इनार, पोखरी जस्ता जलश्रोतहरुको संरक्षण गर्ने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | अग्नि नियन्त्रणका लागि उपयोगी परम्परागत तथा आधुनिक उपायहरुको व्यापक प्रचार। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | आगलागी नियन्त्रणबारे कृतिम अभ्यासहरु गरि जोखिमवर्गको जीवन जोगाउन समुदायलाइ सचेतनामुलक सन्देश दिने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | विभिन्न स्तरमा अग्नि नियन्त्रण तथा प्रतिकार्य तालिम कार्यक्रम। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |
| | | गाउँपालिकाभित्र तथा आसपासका अस्पतालहरुमा विभिन्नस्तरका जलेका बिरामीहरुको लागि विशेष उपचार कक्षहरुको स्थापना। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | | ✓ | |
| | समुदायमा पहिरो नियन्त्रण गर्न सकिदैन भन्ने धारणा ब्याप्त हुनु | नेपाल सरकार, स्थानीय सरकारले आगलागी हुनसक्ने न्यूनतम आधार मापदण्डहरु जस्तैः हाईटेन्सन लाईनको तल घर बनाउन नदिने, घरमा वायरिङ्ग गर्दा अपनाउने सामानको गुणस्तर, फायर एस्टीननिगइसर आदि कुराहरुलाई कडाईका साथ पालना गराउने। | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | ✓ | | |

### ४.१.५ बिभिन्न क्षेत्र मातहत कार्यान्वयन गराउने पूर्वतयारीका क्रियाकलापहरु

**विद्यालय अन्तरगतका क्रियाकलापहरु**

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| सबै प्रकोपहरुको सन्दर्भमा | **जनचेतनाः**<br>१. पालिकाभित्रका विद्यालयहरुमा विभिन्न प्रकोपहरु, ती प्रकोहरुको जोखिमको अवस्था, क्षति न्यूनीकरणका उपायहरु तथा पूर्वतयारी सम्बन्धि मासिक तथा त्रैमासिक रुपमा प्रकोप र विपद्का सवाल समावेश गरि हाजिरीजवाफ, वक्तृत्वकला, कथा, कबिता, गीत जस्ता प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्ने।<br>२. कृतिम घटना अभ्यास गराउने।<br>**क्षमता अभिबृद्धिः**<br>१. पालिकाभित्रका विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा विद्यार्थीहरुलाई समावेश गरेर विद्यालयको संकटासन्नता क्षमता बिश्लेषण गर्ने र विद्यालयको विपद् प्रतिकार्य योजना बनाई लागु गर्ने। | प्र.अ. | विद्यालय | संघ संस्था | निरन्तर |

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाहृय | |
| | २. ने.जु.रे.स.का सदस्यहरुलाई प्राथमिक उपचार तालिम दिने।<br>३. पालिका विपद् व्यवस्थापन समितिले तोके अनुसार बैठक, गोष्ठि तथा तालिममा समावेश हुने।<br>**पूर्वतयारीः**<br>१. भूकम्प प्रतिरोधि मापदण्ड अनुसार संरचना निर्माण गर्ने, गराउने।<br>२. प्राथमिक उपचार बाकसको व्यवस्था गर्ने र त्यसमा आवश्यकता अनुसार औषधि प्रतिस्थापन गर्ने।<br>३. आपतकालीन सम्पर्क नम्बरहरु सबैले देख्ने ठाउँमा टाँस गरेर राख्ने।<br>४. गैर संरचनात्मक जोखिम न्यूनीकरण गर्ने।<br>५. सुरक्षित स्थानको पहिचान गरि सबैलाई जानकारी गराउने।<br>६. कुहिने तथा नकुहिने फोहरमैला व्यवस्थापन गर्ने।<br>७. विद्यालय सरसफाई, खानेपानी, शौचालय तथा हात धुने स्थानको व्यवस्थापन गर्ने।<br>८. मास्कको प्रयोग, स्वास्थ्य परिक्षण तथा २० सेकेण्ड सम्म हात धुने तरिकाको कार्यान्वयन गराउने।<br>९. विद्यालयमा आगो निभाउने यन्त्र जडान गर्ने।<br>१०.विद्यालयमा चट्याङ्ग सुरक्षाको लागि अर्थिङ्ग गर्ने।<br>११.पालिका अन्तरगतका हरेक विद्यालयमा विपद् फोकल पर्सन तोक्ने।<br>१२.विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सम्पन्न गरेका क्रियाकलापहरुको प्रतिवदन वडालाई उपलब्ध गराउने। | | | | |

**स्वास्थ्य अन्तरगतका क्रियाकलापहरुः**

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाहृय | |
| सबै प्रकोपहरुको सन्दर्भमा | **जनचेतनाः**<br>१. स्वास्थ्य संस्थामा विभिन्न प्रकोपहरु, ती प्रकोहरुको जोखिमको अवस्था, क्षति न्यूनीकरणका उपायहरु तथा पूर्वतयारी सम्बन्धि त्रैमासिक छलफल गर्ने।<br>२. विपद् जाखिम न्यूनीकरण तथा स्वास्थ्य सरसफाईका पोस्टर, पम्पलेट टाँस तथा वितरण गर्ने।<br>३. सेवाग्राहीलाई स्वास्थ्य सरसफाईको बिषयमा जानकारी आदान गर्ने।<br>४. बिभिन्न महामारीका बिषयमा जनचेतना अभिबृद्धि गर्ने।<br>**क्षमता अभिबृद्धिः**<br>१. महिला स्वास्थ्य स्वयं सेविकाका लागि प्राथमिक उपचार तालिमको ब्यवस्था गर्ने।<br>२. गाँउघर क्लिनिक तथा घुम्ती शिबिरको व्यवस्थापन गर्ने। | स्वास्थ्य शाखा, स्वास्थ्य कार्यालय | | | निरन्तर |

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| | ३. वडा विपद् व्यवस्थापन समितिले तोकेको विपद् जोखिम न्यूनीकरण सम्बन्धिको बैठक तथा तालिममा जाने।<br>४. तालिम प्राप्त जनशक्तिको विकास गर्ने।<br>५. स्वाथ्यकर्मीहरुलाई न्यूनतम् प्रारम्भिक सेवा प्याकेजबारे (MISP) तालीम प्रदान गर्ने।<br>**पूर्वतयारीः**<br>१. आपत्कालीन अवस्थाको लागि स्वास्थ्य सामग्री मौजाद राख्ने।<br>२. आपतकालीन सम्पर्क नम्बरहरु टास गरेर राख्ने।<br>३. RRT टिम गठन, तालीम र परिचालन गर्ने।<br>४. सबै स्वास्थ्य स्वयं सेविकाहरुलाई प्राथमिक उपचार तालिम प्रदान गर्ने।<br>५. गैर संरचनात्मक जोखिम न्यूनीकरण गर्ने।<br>६. सुरक्षित स्थानको पहिचान गरि सबैलाई जानकारी गराउने।<br>७. कुहिने, नकुहिने तथा अति सम्बेदनशील फोहरमैला व्यवस्थापन गर्ने।<br>८. स्वास्थ्य संस्था भित्र सरसफाई, खानेपानी, शौचालय तथा हात धुने स्थानको व्यवस्थापन गर्ने।<br>९. मास्कको प्रयोग, स्वास्थ्य परिक्षण तथा २० सेकेण्ड सम्म हात धुने तरिकाको कार्यान्वयन गराउने।<br>१०.स्वास्थ्य संस्थाहरूमा आगो निभाउने यन्त्र जडान गने।<br>११.स्वास्थ्य संस्थामा कन्टेनरको ब्यवस्था गर्ने।<br>१२.एम्बुलेन्स तथा अन्य सवारी साधनहरु तयारी अवस्थामा राख्ने।<br>१३.विपद्को अवस्थामा सुत्केरी गराउन बर्थिङ सेन्टरहरुको वैकल्पिक व्यवस्था मिलाउने। | | | | |

## सामुदायिक वन अन्तरगतका क्रियाकलापहरुः

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| सबै प्रकोपहरुको सन्दर्भमा | **जनचेतनाः**<br>१. घर तथा वनजंगलमा आगलागी हुन नदिन प्रज्वलनशील बस्तुहरु तथा सामानहरु केटाकेटीको पहुँचबाट टाढा राख्ने।<br>२. आगलागी बारेको जनचेतना आदान प्रदान गर्ने।<br>३. पहिरो जाने ठाउँमा बृक्षारोपण गर्नुपर्ने बारेको जनचेतना अभिबृद्धि गर्ने।<br>४. अग्निरेखा बारेको जनचेतना दिने।<br>**क्षमता अभिबृद्धिः**<br>१. समुदायिक वन उपभोक्ताहरुलाई अग्नि नियन्त्रण तालिम दिने।<br>२. अग्नि नियन्त्रणको लागि तयारी अवस्थामा रहने।<br>३. वन जंगल वरिपरिका पानीका स्रोतहरुको संरक्षण गर्ने।<br>४. उपभोक्ताहरुको घरघरमा आपतकालीन सम्पर्क नम्बरहरु टास गर्ने। | सामुदायिक वन उपभोक्ता समिति, वडा कार्यालय | | | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५. सम्बन्धित सस्थ्य स्वयंसेविकाहरुलाई प्राथमिक उपचार तालिम प्रदान गर्न पहल गर्ने।<br>**पूर्वतयारीः**<br>१. सामुदायिक वनबाट समुदायमा आगो फैलिन नदिन अग्निरेखाहरु निर्माण गर्ने।<br>२. आपतकालीन कोष स्थापना गर्ने।<br>३. आगलागी हुने अति सम्बेदनशील क्षेत्रको पहिचान गरि विभिन्न सन्देशमुलक होडिङ्ग बोर्डहरु स्थापना गर्ने।<br>४. सामुदायिक वन उपभोक्ता समिति तथा उपभोक्ताहरु मध्येबाट बहुप्रकोप रेस्क्यू टिम बनाउने। | | | | |

## टोल विकास अन्तरगतका क्रियाकलापहरुः

| प्रकोपहरु | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक | बाह्य | |
| भूकम्प, माहामारी, पहिरो, बाढी, हावाहुरी, सडक दुर्घटना, खडेरी, रोगकिरा, आगलागी, बन्यजन्तु आतंक, असिना, तुसारो | **जनचेतनाः**<br>१. टोल विकास समितिको बैठकमा विपद् व्यवस्थापन सम्बन्धिको छलफललाई निरन्तरता दिने।<br>२. आगलागी, माहामारी, भूकम्प प्रतिरोधि निर्माणबारेको जनचेतना अभिबृद्धिका क्रियाकलाप गर्ने।<br>३. टोल विकास अन्तरगतका सबैलाई आपतकालीन सम्पर्क नम्बरहरु उपलब्ध गराउने।<br>४. झटपट झोलाबारे सबैलाई जानकारी गर्ने।<br>५. समुदायमा प्रकोप अनुसारको सुरक्षित स्थानहरु पहिचान गरि सबैलाई जानकारी गर्ने।<br>६. अन्य आवश्यक छलफलबाट आएका क्रियाकलापहरुलाई कार्यान्वयन गर्ने।<br>**क्षमता अभिबृद्धिः**<br>१. वडा विपद् व्यवस्थापन समितिले तोके अनुसार बैठक, गोष्ठि तथा तालिममा समावेश हुने।<br>२. समुदायमा खोज तथा उद्दार, प्राथमिक उपचार, पूर्व सूचना र आवश्यकताको लेखाजोखा उप समिति बनाएर तालिमको लागि पहल गर्ने।<br>**पूर्वतयारीः**<br>१. भूकम्प प्रतिरोधि मापदण्ड अनुसार संरचना निर्माण गर्ने, गराउने।<br>२. समुदायको सबै घरहरुमा आपतकालीन सम्पर्क नम्बरहरु सबैले देख्ने ठाउमा टास गरेर राख्ने।<br>३. गैर संरचनात्मक जोखिम न्यूनीकरण गर्ने।<br>४. सुरक्षित स्थानको पहिचान गरि सबैलाई जानकारी गराउने।<br>५. कुहिने तथा नकुहिने फोहरमैला व्यवस्थापन गर्ने।<br>६. समुदायमा सरसफाई, खानेपानी, शौचालय आदिको व्यवस्थापन गर्ने। | वडा कार्यालय, टोल विकास समिति | | | निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| | ७. मास्कको प्रयोग, स्वास्थ्य परिक्षण तथा मिचिमिचि हात धुने तरिकाको कार्यान्वयन गराउने ।<br>८. भल बाढीले क्षति पुर्याउने ठाउँमा भल तर्काउने।<br>९. विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित सम्पन्न गरेका क्रियाकलापहरुको प्रतिबेदन वडालाई उपलब्ध गराउने।<br>१०.टोल विकास समिति अन्तरगत विपद् व्यवस्थापन कोष स्थापना गर्ने। | | | | |

**४.२ विपद्को समयका क्रियाकलापहरु (आपत्कालीन सहयोग, खोज, उद्दार, तत्कालिन राहत)**

विपद् पश्चात प्रभावितहरूको तत्काल खोज तथा उद्धार, प्राथमिक उपचार आधारभूत आवश्यकता परिपूर्तिका लागि तुरुन्तै गरिने अन्य गतिविधि वा कार्य यसमा मानवीय जीवन रक्षाका लागि ध्यान दिई आधारभूत आवश्यक भौतिक सामाग्री, खाद्य सामाग्री, औषधी उपचार, खानेपानी, अस्थायी आवास, सुरक्षा आदी उपलव्ध गराइने गतिविधीहरू समावेस गरिएको छ।

### ४.२.१ आपत्कालीन सहयोग, खोज, उद्दार, तत्कालिन राहत क्रियाकलापहरु

| समयावधि | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | प्रक्रिया | प्रतिफल | स्रोतको व्यवस्था | |
|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | वाह्य |
| ० देखि १ घण्टा भित्र | प्रकोपको पूर्व सूचना र विपद्को सूचना सम्प्रेषण | पूर्व सूचना कार्यदल, प्रभावित समुदाय र स्थानीय र सामुदायिक विपद् तथा जलवायू उत्थानशील समिति | पूर्व सूचना कार्यदलले समुदाय, वर्षा तथा नदी अवलोकन केन्द्र, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्र, सञ्चार माध्यम, जल तथा मौसम विज्ञान विभाग र मातहतका कार्यालय, सुरक्षा निकाय, विपद् सम्बन्धी कार्य गर्ने संघ संस्थाहरु, राष्ट्रिय भूकम्प मापन केन्द्र लगायतका विभिन्न माध्यमबाट प्रकोपको सूचना तथा पूर्व सूचना प्राप्त गरी स्थानीय र सामुदायिक विपद तथा जलवायु उत्थानशील समिति, खोज उद्धार र प्राथमिक उपचार कार्यदल, जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र तथा संकटासन्न समुदायहरुलाई विभिन्न सञ्चार माध्यम (जस्तैः हाते माइक, साइरन, फोन, एस्.एम.एस्. आदि) को प्रयोग गरी खबर आदान प्रदान गर्ने। | सङ्कटासन्न समुदाय र जिल्लाका सरोकारवालाहरु द्धारा प्रकोप वा विपद् सम्बन्धी सूचना प्राप्त गर्ने, सूचना प्राप्त गरिसके पश्चात् सुरक्षित स्थानमा आश्रय लिने। | | |
| ० देखि १ घण्टा भित्र | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठक | समितिका पदाधिकारीहरु | यो प्रकोपको खतरा सम्बन्धी पूर्व सूचना तथा घटनाको सूचना प्राप्त गरेपश्चात् स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति/सामुदायिक विपद् व्यवस्थापन समितिले केही आपत्कालीन निर्णयहरु गर्न बस्ने बैठक हो। | प्राथमिक उपचार कार्यदल र खोज तथा उद्दार कार्यदल परिचालन गर्ने निर्णय, साइरन, फोन र अन्य साधन प्रयोग गरी नियमित जानकारी दिने निर्णय | | |
| ० देखि २४ घण्टा भित्र | स्थानीय र सामुदायिक कार्यदलहरुबाट उद्दार कार्य | खोज उद्धार तथा प्राथमिक उपचार कार्यदल | विपद् भएको सूचना प्राप्त गरेपछि प्राथमिक उपचार कार्यदल र खोज तथा उद्दार कार्यदल समुदायमा गई आफ्नो कार्य सुरु गर्नेछ। आगलागीको घटना भएमा आगलागी नियन्त्रणको प्रयास गर्ने।महामारी विपद्का सम्वन्धमा मानिसमा हुने महामारी अवस्थाको जानकारी दिने तथा प्रतिकार्य सुरु गर्ने। | लक्षित ५० प्रतिशत समुदायलाई उद्दार गरी सुरक्षित स्थलमा ल्याइने, चोटपटक लागेका घाइते हरुलाई प्राथमिक उपचार प्रदान गरिने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ० देखि २४ घण्टा भित्र | खोज उद्धार र प्राथमिक उपचारका लागि थप सहयोग आवश्यक भएमा जिल्ला विपद् व्यवस्थापन समिति, रेडक्रस, सुरक्षा निकाय लगायतसँग समन्वय गर्ने, | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको अनुरोध तथा जिल्ला विपद् व्यवस्थापन समिति को निर्देशनमा खोज तथा उद्दार विषयगत क्षेत्रले विभिन्न साधन तथा स्रोतको उपयोग गरी उद्दार कार्य गर्नेछ।<br>खोज तथा उद्दारका लागि स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदलको सहायता लिनेछ। | समुदायलाई उद्दार गरी सुरक्षित स्थलमा ल्याइने चोटपटक लागेका विरामीहरुलाई प्राथमिक उपचार प्रदान गरिने सघन घाइतेहरुलाई अस्पताल पठाउने | | |
| ० देखि २४ घण्टा भित्र | घाइते, हराइरहेका तथा विस्थापितको सूची अद्यवधिक राख्ने तथा द्रुत सर्वेक्षण तथ्याङ्क संकलन | जिल्ला र पालिका विपद् व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति र सामुदायिक विपद् व्यवस्थापन समितिले घाइते, हराइरहेका तथा आन्तरिक विस्थापितको खण्डीकृत तथ्याङ्कको सूची अद्यवधिक गर्ने, सूची तयार गर्दा स्थान, उमेर, लिङ्ग, गर्भवति, सुत्केरी, जाति, अपाङ्गता आदि पनि खुलाउने।<br>जिल्ला र पालिका विपद् व्यवस्थापन समिति ले खटाएको द्रुत सर्वेक्षण टोलीलाई द्रुत सर्वेक्षण फाराममा चाहिने जानकारी संकलन गर्न मद्धत गर्ने। | पहिलो चरणको क्षती, घाइते र मृत्यु हुनेको संख्या संकलन गर्ने | | |
| ० देखि २४ घण्टा भित्र | विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री तथा अस्थायी वसोवासको प्रबन्ध गर्ने | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले आफूसँग भएको श्रोत परिचालन गर्ने तथा अपुग स्रोतका लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय र जिल्ला स्थित दातृ संघसंस्थाहरुको वा व्यक्तिहरुलाई अनुरोध गर्ने। | विपद् प्रभावित र आन्तरिक विस्थापितका लागि आधारभूत खाद्य सामग्री र अपाङ्गता, वालबालीका, जेष्ठ नागरिक तथा लैङ्गिक मैत्री अस्थायी वसोवासको बन्दोबस्त हुने | | |
| ० देखि २४ घण्टा भित्र | समुदायलाई सचेत गराउन जिल्ला विपद् व्यवस्थापन समिति, कार्यदलहरु, समुदाय, प्रकोपसँग | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति , कार्यदलहरु, समुदाय, प्रकोपसँग सम्बन्धित सरकारी गैरसरकारी निकायहरु, सञ्चार माध्यम आदि लगायत विभिन्न माध्यमबाट जानकारी प्राप्त गरी माइकिंग, फोन | समुदायमा अफवाह फैलनबाट रोक्ने, जीवनउपयोगी सन्देशहरु प्रवाह हुने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धित सरकारी गैरसरकारी निकायहरु, सञ्चार माध्यम आदिबाट प्राप्त तथ्यगत पूर्वसूचना, आपत्कालीन चेतावनी, जोखिम बढेको वा घटेको, भएगरेका उद्धार प्रयासहरु, अपनाउनु पर्ने सावधानीहरु तथा सार्वजनिक आह्वान विषयक सूचनाहरु आवश्यकता अनुसार नियमित प्रवाह गर्ने | | जस्ता माध्यम प्रयोग गरी समुदायलाई सूचित गर्ने। | | | |
| २४ देखि ४८ घण्टा भित्र | प्रभावित परिवारको दर्ता तथा खोजी कार्य, प्रभावित परिवारलाई पहिचान पत्र (टोकन) वितरण र तथ्यांक व्यवस्थापन | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | समुदाय विपद् व्वयस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी लगायतका अन्य निकायको सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले प्रभावित परिवार दर्ता गर्नेछ। यस सूचीलाई सुरक्षा निकायले (नेपाल प्रहरी) प्रमाणित गर्नेछ। | राहत प्याकेजको आवश्यकता मूल्यांकन, वितरण र प्रतिकार्यका लागि प्रभावित परिवारको तथ्यांक व्यवस्थापन | | |
| २४ देखि ४८ घण्टा भित्र | आवास तथा गैरखाद्य सम्बन्धी प्रतिकार्य | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति मातहतको आवास तथा गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै समुदाय विपद् व्यवस्थापन समितिको सहयोगमा तथा विस्थापित संख्याको आधारमा अस्थायी वासस्थानको व्यवस्थापन गर्ने। वासस्थान व्यवस्थापन गर्दा स्फेयर मापदण्ड अपनाउनु पर्ने। | विस्थापित समुदायका लागि अस्थायी वासस्थानको तथा अन्य आधारभूत गैर खाद्य सामग्रीको व्यवस्थापन | | |
| २४ देखि ४८ घण्टा भित्र | खानेपानी तथा सरसफाइ सम्बन्धी प्रतिकार्य | पालिका विपद् जोखिम न्यूनीकरण | प्रभावित संख्याको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्रसँग समन्वय गर्दै तथा समुदाय विपद् व्यवस्थापन समिति समेतको | स्वास्थ्य सामाग्री, पानी शुद्धिकरणका लागि सामग्री लक्षित | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा व्यवस्थापन समिति | मद्धतमा वितरण गर्नुपर्ने सामाग्री संख्या निर्धारण गरी वितरण गर्नेछ।<br>जैविक, ठोस तथा प्रकोपजन्य फोहोरको उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने सम्बन्धी जनचेतना फैलाउने। | जनसमुदायलाई वितरण गर्ने,<br>हात धुने तरिका र महत्व सम्बन्धी जानकारी,<br>महिलालाई चाहिने सरसफाइ र मर्यादा सामाग्रीको व्यवस्था,<br>अस्थायी शौचालय र फोहोर मैलाको व्यवस्थापन | | |
| २४ देखि ४८ घण्टा भित्र | खाद्य व्यवस्थापन सम्बन्धी प्रतिकार्य | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | प्रभावित संख्याको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै आवश्यक तयारी खाद्य सामाग्री आँकलन गर्ने।<br>सामुदायिक र वडा विपद् व्यवस्थापन समितिको सहयोग लिई खाद्य सामाग्री वितरण गर्नेछ। | प्रभावित जन समुदायलाई तयारी खाद्य सामाग्री वितरण | | |
| २४ देखि ४८ घण्टा भित्र | गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी प्रतिकार्य | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको निर्देशनमा फिल्डमा परिचालित टोलीले आवास तथा गैरखाद्यसँग सहकार्य गरी संकटासन्न वर्गको आवश्यकता अनुसार अस्थायी वासस्थानको व्यवस्थापन गर्नेछ। | महिला, वृद्ध वृद्धा र वालबालीकाको आवश्यकता अनुसार अस्थायी बासस्थान व्यवस्थापन गर्ने | | |
| २४ देखि ४८ घण्टा भित्र | स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिकार्य | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | प्रभावित संख्याको सूचीको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्दै स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिकार्यका लागि आवश्यक सामग्री संख्या आँकलन गरी वितरण गर्नेछ।<br>आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना | प्रभावित परिवारलाई सुरक्षित सामाग्री वितरण,<br>प्रभावित क्षेत्रमा आवश्यकता अनुसार अस्थायी अस्पताल स्थापना | | |
| ४८ देखि ७२ घण्टा भित्र | पानी शुद्धिकरणका लागि अपुग सामग्रीको लेखाजोखा र व्यवस्थापन | पालिका विपद् जोखिम न्यूनीकरण | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले सामुदायिक विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्रसँग समन्वय | विभिन्न ठाउँमा पानीको व्यवस्थापन | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथा व्यवस्थापन समिति | गर्दै पानी शुद्धिकरणका लागि अपुग सामाग्रीको लेखाजोखा गर्नेछ। पानीको सुविधा विभिन्न स्थानमा गराउनेछ। | पानी शुद्धिकरणका लागि थप सामाग्री वितरण | | |
| ४८ देखि ७२ घण्टा भित्र | महामारी नियन्त्रणका लागि फोहर व्यवस्थापन | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले सामुदायिक विपद् व्यवस्थापन समिति र जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खानेपानी तथा सरसफाई विषयगत क्षेत्र तथा सुरक्षा निकायसँग समन्वय गर्दै मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन गर्ने। | मरेका पशुका शवहरु संकलन तथा व्यवस्थापन हुने | | |
| ४८ देखि ७२ घण्टा भित्र | स्फियर मापदण्ड अनुसार खाना बनाउने भाँडावर्तन, इन्धन, लुगाफाटो, कम्बल, परिवार, बालबालिका, गर्भवती, सुत्केरी महिलाका लागि आवश्यक पर्ने मर्यादा सामग्री, स्वास्थ्य प्रबर्धन सामग्रीजस्ता गैरखाद्य सामग्रीको सेट वितरण गर्ने | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको आवास तथा गैर खाद्य विषयगत क्षेत्रसँग समन्वय गर्दै निरन्तर आवास व्यवस्थापनमा लागिरहने छ। | प्रभावित परिवारलाई गैरखाद्य सामाग्री वितरण | | |
| ४८ देखि ७२ घण्टा भित्र | खाद्य सामग्री वितरण | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | प्रभावित परिवार संख्याको आधारमा जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको खाद्य विषयगत क्षेत्रसँग सहकार्य, समन्वय गर्ने र वितरण गर्नेछ। | प्रभावित परिवारलाई आवश्यक खाद्य सामाग्री वितरण | | |
| ७२ घण्टा देखि ७ दिन भित्र | आपत्कालीन शिक्षाको व्यवस्थापन | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | प्रभावित विद्यालय र विद्यार्थी संख्याको आधारमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले शिक्षा विषयगत क्षेत्र तथा प्रभावित विद्यालयसँग समन्वय गर्दै आवश्यक पर्ने शिक्षा सामाग्री वितरण गर्ने र अस्थायी विद्यालयको निर्माणमा सघाउने। | विस्थापित वालबालिकाका लागि अस्थायी कक्षा सञ्चालन गर्ने<br>शिक्षा सामाग्री वितरण गर्ने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७२ घण्टा देखि ७ दिन भित्र | गुनासा, लैङ्गिक हिंसा तथा विवाद व्यवस्थापन सम्बन्धी थप प्रतिकार्य | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मनोसामाजिक परामर्श सेवा र कानुनी सहायता चाहिने मानिसको पहिचान गर्नेछ। | मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने आवश्यक जनसमुदायलाई कानुनी सहायता दिने | | |
| ७२ घण्टा देखि ७ दिन भित्र | बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखा | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले बहुक्षेत्र प्रारम्भिक द्रूत लेखाजोखाका लागि परिचालित टोलीलाई आवश्यक सहयोग गर्ने। | बहुक्षेत्र द्रुत सर्वेक्षण (MIRA) कार्य सम्पन्न भई क्षतिको विस्तृत विवरण आउने | | |
| ७२ घण्टा देखि ७ दिन भित्र | शव व्यवस्थापन तथा मृतक परिवारलाई आर्थिक सहयोग | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मृतकका परिवारलाई स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको तर्फबाट काजकिरियाका लागि आर्थिक सहयोग गर्ने, मृतक प्रमाण पत्र जारी गर्न मद्धत गर्ने तथा सरकारका तर्फबाट प्राप्त हुने अन्य सहयोगका लागि जिल्ला विपद् व्यवस्थापन समिति लाई सिफारिस गर्ने। | मृतकको काजक्रिया हुने, मृतक परिवारले राहत पाउने | | |
| ७ दिन देखि २ साता भित्र | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति बैठक आयोजना | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | प्रतिकार्यमा संलग्न सरोकारवाला तथा प्रभावितहरुको बैठक बसी चुनौती, सिकाइ र सुधार गर्नुपर्ने पक्षबारे छलफल गर्ने। | हालसम्मको प्रतिकार्यको समिक्षा गरी थप आवश्यक रणनीति तर्जुमा गर्ने | | |
| ७ दिन देखि २ साता भित्र | विभिन्न क्षेत्रमा भएको आवश्यकता र खाडलका आधारमा थप प्रतिकार्य | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति र अन्य सहयोगी निकायहरुसँग समन्वय गर्दै थप राहत र सहयोगको बन्दोबस्ती गर्ने। | थप राहत वितरण र प्रतिकार्य | | |
| ७ दिन देखि २ साता भित्र | मनोसामाजिक परामर्श | पालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति अन्तर्गतको संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्दै मानसिक तनावमा परेका व्यक्तिलाई मनोसामाजिक सेवा उपलब्ध गराउने तथा स्वास्थ्य सेवा प्रदान गर्ने। | मानसिक तनावमा परेका व्यक्ति र परिवारलाई मनोसामाजिक परामर्श र हौसला प्रदान गरिने | | |

### ४.३ विपद् पश्चातका क्रियाकलापहरु (पुनर्स्थापना र पुनर्निर्माण)

विपद्बाट प्रभावित समुदाय, परिवार र व्यक्तिहरूलाई समयमै सुरक्षित स्थानमा बसाइसराइ गरिसकेपछि, भविष्यमा आउन सक्ने सम्भावित प्रकोपबाट जोगिन उनीहरूलाई पहिलेको ठाउँ वा अन्य सुरक्षित क्षेत्रमा अस्थायी आवास, जीवनयापनका लागि आवश्यक खाद्यान्न, सुरक्षा, पानी, सरसफाइ र स्वास्थ्य सेवाको व्यवस्था गरी पुनर्स्थापना र पुनर्निर्माण गर्ने कार्य, साथै त्यस्ता विपद् नदोहोरियोस् भन्ने उद्देश्यले गरिने गतिविधिहरूलाई विपद् पश्चातको योजनामा समावेश गरिएको छ।

#### ४.३.१ पुनर्स्थापना र पुनर्निर्माणका क्रियाकलापहरु

| क्रस. | व्यवस्थापनका क्रियाकलाप (सम्भावित) | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक (सहयोगी) | बाह्य (सहयोगी) | |
| १ | प्रभावित घरपरिवार, क्षतिग्रस्त संरचनाहरुको विस्तृत सर्वेक्षण लिन सुरु गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| २ | विस्तृत सर्वेक्षणबाट प्राप्त तथ्यांकको आधारमा प्रभावित घरपरिवारहरुलाई राहत प्रदान गर्नको लागि लगत इस्टिमेट तयार गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| ३ | राहत व्यवस्थापनको लागि गाउँपालिका, जिल्ला समन्वय समिति लगायत सरकारी तथा गैरसरकारी संघसंस्थारुलाई अनुरोध गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| ४ | आवास निर्माणको लागि सामुदायिक वनहरुबाट निशुल्क वा सहुलियत दरमा काठ उपलब्ध गराउने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| ५ | सार्वजानिक सेवाहरु सुचारु गर्ने। बिग्रे भत्केका संरचनाहरुको भग्नावशेष हटाउने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |

| क्रस. | व्यवस्थापनका क्रियाकलाप (सम्भावित) | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक (सहयोगी) | बाह्य (सहयोगी) | |
| ६ | क्षति भएका पुर्वाधारहरुको विस्तृत विवरण तयार गरी पुननिर्माण गर्ने आवश्यक विस्तृत प्राविधिक ईष्टमेट तयार गर्ने र सम्वन्धित कार्यालयमा प्रतिवेदन पठाउने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| ७ | उपलब्ध बजेटको आधारमा करिव एक तिहाई व्यक्तिगत भवन निर्माण संहिता अनुसार पुननिर्माण प्रकृया अगाडी बढाउने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | राष्ट्रिय पुन निर्माण प्राधिकरण जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| ८ | गाउँपालिका भरिका सवै विद्यालयका भत्किएका भवनहरुको पुननिर्माण गर्ने। | सम्बन्धित विद्यालय तथा वडा विपद् व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | राष्ट्रिय पुन निर्माण प्राधिकरण जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| ९ | गाउँपालिका भित्रका विपद् प्रभावितहरुको विस्तृत सर्वेक्षण गरी राहत तथा सहयोग उपलब्ध गराउन गाउँपालिका भित्र रहेका मानवतावादी संस्थाहरुसंग पहल गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु, जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| १० | गाउँपालिका भित्रका प्रभावितहरुको विस्तृत सर्वेक्षण गरी उच्च जोखिममा रहेका वर्गहरु बृद्धबृद्धाहरु, ५ वर्ष मुनिका वालबालीका तथा गर्भवती, सुत्केरी महिलालाइ राहत उपलब्ध गराउन गाउँपालिका भित्र रहेका मानवतावादी संस्थाहरुसंग पहल गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु, जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| ११ | प्रकोप पिडितहरु तथा जोखिममा रहेका वर्गहरु, दलित तथा उत्पीडितहरुलाइ तत्काल राहत उपलब्ध गराउन पहल गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु, जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| १२ | प्रकोपका कारण मृत्यू भएकाहरुलाइ अन्तिम संस्कार गर्न आवश्यक सहयोग प्रदान गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु, जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |

| क्रस. | व्यवस्थापनका क्रियाकलाप (सम्भावित) | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक (सहयोगी) | बाह्य (सहयोगी) | |
| १३ | हावाहुरी, असिना, शितलहर, बाढी, पहिरो, वन्यजन्तु आतंकका कारण नष्ट भएका खाद्यान्न बाली तथा बिरुवाको लागी प्रभावित किसानहरुलाइ राहत स्वरुप छुटमा उन्नत बिउ, बिजन तथा प्रबिधिक सहयोग प्रदान गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | कृषि शाखा, जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| १४ | विभिन्न खाले विपदबाट मृत्यु भएका चौपायहरुको उचित व्यवस्थापन गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| १५ | विपद पश्चात फैलन सक्ने महामारीप्रति सबै जन समुदाय सचेत हुनका लागी महामारी बिरुद्ध जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति | ३ महिना भित्र |
| १६ | प्रकोप तथा विपद्का कारणले विद्यालय जान नसक्ने वालबालीकाहरुलाइ दिउसोको खाजा, किताव, कापी र अन्य सामग्रीको बन्दोबस्त गरि विद्यालय जाने वातावरण बनाइदिने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु | ३ महिना भित्र |
| १७ | डुवान, कटान, बाढी आदिले ध्वस्त भएका कच्चि सडक, पुलपुलेसा कलभर्ट, कुलो आदीको मर्मत गर्न सहयोग गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु | ३ महिना भित्र |
| १८ | कोभिड १९ जस्ता महामारी तथा अन्यखाले महामारी विरुद्ध जनचेतनामुलक अभियान सञ्चालन गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु | ३ महिना भित्र |
| १९ | प्रकोपको जोखिम बारे विपदको पूर्व सूचना दिन स्थानीय आपतकालीन कार्य संचालन केन्द्रलाइ सजग बनाउने र समुदायहरुलाइ एफ. एम, टिभी तथा अन्य संचारका माध्यमहरुद्धारा सूचना सम्प्रेषण गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु | ३ महिना भित्र |

| क्रस. | व्यवस्थापनका क्रियाकलाप (सम्भावित) | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|
| | | | आन्तरिक (सहयोगी) | बाहय (सहयोगी) | |
| २० | गर्भवती, सुत्केरी, बिरामी/अशक्त, जेष्ठ नागरिक र अपागता भएका ब्यक्तिहरु, अनाथ, एकल, असहायहरुलाई तत्काल सहायताको लागि आबश्यक समन्वयकारी भूमिका निर्बाह गर्ने तथा अपागंता सहायक सामाग्री उपलब्ध गराउने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु | ३ महिना भित्र |
| २१ | अवरुद्ध सार्वजनिक सेवाहरु (विजुली, टेलिफोन, यातायात, पानी, औषधी पसल) सुचारु गर्ने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु | ३ महिना भित्र |
| २२ | बाढी, आगलागीबाट जोगीनका लागी कृतिम अभ्यासहरु गरि जोखिमवर्गको जीवन जोगाउन समुदायलाइ सचेतनामुलक सन्देश दिने। | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | पलिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | मानवतावादी संस्थाहरु | ३ महिना भित्र |

### ४.३.२ कार्यदलको काम, कर्तव्य र अधिकार

| **१. सूचना तथा पूर्वचेतावनी कार्यदल** | | |
|---|---|---|
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| १. पूर्वसूचना तथा चेतावनी प्रणालीबारे सञ्चार माध्यम, मोवाईल एस.एम.एस., ह्वाटसेप र अन्य स्रोतबाट प्राप्त सूचना प्राप्त गर्ने,<br>२. पूर्वचेतावनी प्रणालीको स्थापनाका लागि गाउँपालिका, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयसँग समन्वय गर्ने,<br>३. उपलब्ध पूर्वचेतावनी प्रणालीको सुरक्षा र संरक्षण गर्ने,<br>४. विपद् सम्बन्धी काम गर्ने वा अन्य सरोकारवाला निकायमा विपदबारे सही जानकारी दिने,<br>५. समुदायसँग नियमित छलफल गर्ने र वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिमा प्रतिवेदन नियमित रुपमा दिने,<br>६. सञ्चारमाध्यम, पत्रकार महासंघ, स्थानीय पत्रकारसँग समन्वय गरी सूचना लिने र दिने काम गर्ने,<br>७. विपद् जोखिम व्यवस्थापन सम्बन्धी ज्ञान बद्र्धक सामाग्रीको खोजी गरी समुदायमा उपलब्ध गराउने,<br>८. आपत्कालीन समयमा चाहिने निकायको सम्पर्क सूची तयार गरी समुदायका सबै सदस्यलाई उपलब्ध गराउने,<br>९. जनचेतना अभिवृद्धिका सामाग्री जिल्ला र केन्द्रबाट सङ्कलन गरी जनचेतना अभियानमा हुने खर्च कटौती गर्ने,<br>१०. सूचना प्रवाह र प्राप्तिको भरपर्दो संयन्त्रका लागि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, जल तथा मौसम विभागका स्टेसनहरु, स्थानीय तहमा समुदाय आफैले संचालन गरेका स्टेसनहरु बिचमा नियमित छलफल, बैठक, अनुगमन गर्ने र आवश्यकता अनुसार सूचना आदान प्रदान संयन्त्रमा परिमार्जन गर्ने। | १. विपद्को सूचना सबैभन्दा पहिले खोज तथा उद्धार कार्यदललाई दिने,<br>२. यस्तो सूचना जिल्ला आप्तकालीन कार्यसंचालन केन्द्र, स्थानीय प्रहरी, जिल्ला प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी, गाउँपालिका, जि.स.स र जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराएर सहयोग माग गर्ने,<br>३. विपद सम्बन्धी सम्पूर्ण जानकारी वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति मार्फत्, जि.स.स र जिल्लास्तरीय विपद् व्यवस्थापन समितिलाई दिने,<br>४. विपदबारेको समाचार तथा सूचना सञ्चारमाध्यम वा पत्रकारलाई उपलब्ध गराउने। | १. क्षति विश्लेषण कार्यदलबाट भएको कार्य र क्षतिको अवस्थाको जानकारी लिने,<br>२. विपद्पछि उत्पन्न भएको थप सङ्कटासन्नता र जनजीवनमा परेको असरको समीक्षा गर्ने,<br>३. जनजीवनमा परेको असरअनुसार पूर्वतयारीका कार्यलाई निरन्तरता दिन,<br>४. पूर्व सूचना प्रणाली संग सम्बन्धित संरचनागत पुजीमा भएको क्षतिको मर्मत संभार गर्ने र थप संरचना र भवन निर्माणको आवश्यकता भएमा पहल गर्ने,<br>५. स्थापित संयन्त्रमा भएका कमि कमजोरिमा सुधार ल्याउन पहल गर्ने। |
| **२. खोज तथा उद्धार कार्यदल** | | |
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |

| | | |
|---|---|---|
| १. विपदबाट विस्थापितलाई राख्नको लागि सुरक्षित स्थानको पहिचान गर्ने,<br>२. उद्धारका लागि आवश्यक पर्ने सामाग्रीको बन्दोबस्त गर्न स्थानीय प्रहरी, नेपाली सेना, जिल्लास्तरीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी सहयोग माग गर्ने,<br>३. उद्धारका लागि नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गर्ने,<br>४. बाढी र पहिरोको समयमा उद्धार गर्न सक्ने समुदायका सदस्यको पहिचान गरी उनीहरूको सम्पर्क नम्बर अध्यावधिक राख्ने<br>५. उद्धारकर्मीका लागि तालिमको व्यवस्था तथा गैसस, नेपाल रेडक्रस, प्रहरी र सेनासँग समन्वय गर्ने । | १.विपद् हुने मौसममा खोज तथा उद्धारको लागि तयारी अवस्थामा रहने,<br>२.त्यस्ता परिवारको महत्वपूर्ण सम्पत्ति र पशुधनको रक्षा तथा उद्धार गर्ने,<br>३.सूचना तथा पूर्वचेतावनी कार्यदलको सूचनाका आधारमा अति जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा लैजान,<br>४.समुदायमा रहेका महिला, अपाङ्ग, बूढाबूढी, गर्भवती तथा सुत्केरी महिलाको सूची तयार गरी मूल समितिलाई दिने र सहयोगको प्राथमिक सूचीमा राख्न आग्रह गर्ने। | १.उद्धार गरिएका व्यक्ति, धनसम्पत्ति, पशुधनको सूची तयार गरी मूल समितिलाई दिने,<br>२.विपदमा परेर हराएका वा मृत्यु भएका मानिस र घरपालुवा पशुको सूची तयार गरी मूल समिति मार्फत सुरक्षा निकाय र गाउँपालिकालाई उपलब्ध गराउने,<br>३.उद्धार सामाग्री पुनः यथास्थानमा राख्ने। |
| **३. राहत व्यवस्थापन तथा पुनःस्थापन कार्यदल** | | |
| **विपद् पूर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| १.समुदायस्तरबाट उपलब्ध हुने राहत सामाग्री सङ्कलन र भण्डारणको व्यवस्था गर्ने,<br>२.सामुदायिक विपद् व्यवस्थापन कोषको स्थापना गर्ने,<br>३.राहत सामाग्री प्रयोग नभएमा त्यस्तो सामाग्री नियमानुसार बिक्री गरी प्राप्त रकम कोषमा जम्मा गर्ने,<br>४.पूर्ण रूपमा विस्थापित हुने परिवारलाई बसोबासको व्यवस्थाका लागि सार्वजनिक जग्गाको पहिचान गरी त्यस्तो जग्गा उपयोग गर्न गाउँपालिकासँग अनुमति लिने प्रक्रिया अघि बढाउने,<br>५.विस्थापितलाई सुरक्षित राख्ने स्थानको लागि उद्धार कार्यदलसँग समन्वय गरी सुरक्षित स्थानको पहिचान गर्ने,<br>६.वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको सिफारिसमा आवश्यक कार्य गर्ने। | १.सही समयमा कार्ययोजना अनुसार राहत व्यवस्थापन गर्ने<br>२.जिल्लाबाट प्राप्त अनुदान वा राहत वितरणमा जिल्लाको कार्यदललाई सहयोग गर्ने,<br>३.वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिसँग सहमति लिएर अन्य आवश्यक कार्य गर्ने। | १. विस्थापित भएर पुनःस्थापन हुन नसकेका परिवारलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्थाका लागि पहल तथा पैरवी गर्ने,<br>२. पुनःस्थापना हुन सक्ने परिवारको घर मर्मत सम्भारको लागि पहल गर्ने र सहयोगको लागि गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिलाई वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिमार्फत् सिफारिस गरी पठाउने,<br>३. राहत वितरण प्रकृयामा लक्षित वर्ग (बालबालीका, किशोरकिशोरी, गर्भवती र सुत्केरी महिला, पछाडि परेका समूहहरु) लाई पहिलो प्राथमिकता दिने। |

<table>
<tr><td colspan="3">४. प्राथमिक उपचार, स्वास्थ्य तथा सरसफाइ कार्यदल</td></tr>
<tr><th>विपद् पूर्व</th><th>विपद्को समय</th><th>विपद् पश्चात</th></tr>
<tr><td>१. विपद्को समयमा घाइतेको उपचारको लागि प्राथमिक उपचार सामाग्रीको व्यवस्था गर्ने,<br>२. विपद् नभएमा प्राथमिक उपचार सामाग्रीको समय बाँकी रहँदै प्रयोग गरी पुनः नयाँ सामाग्री तयारी अवस्थामा राख्ने,<br>३. स्थानीय स्वास्थ्य चौकीसँग समन्वय गरी आवश्यक सामाग्री माग गर्ने,<br>४. स्थानीय तहमा एम्बुलेन्स उपलब्ध भएमा सोको मर्मतसम्भार गरी दुरुस्त राख्ने व्यवस्था मिलाउने,<br>५. स्वास्थ्य र सरसफाइसम्बन्धी जनचेतना अभिवृद्धि गरी विपद् पहिले र पछि हुन सक्ने महामारी तथा जनस्वास्थ्य सम्बन्धी समस्याबारेमा जनचेतना अभिवृद्धि गर्ने,<br>६. बफर स्टक अद्यावधिक राख्न स्वास्थ्य कार्यालय, जिल्ला अस्पतालसंग समन्वय गर्ने,<br>७. जनचेतना अभिवृद्धिको लागि स्वास्थ्य कार्यालय र अन्य स्वास्थ्य संस्थासंग सहयोग माग गर्ने,<br>८. स्वयंसेवकहरूलाई विपद् र महामारीबारे अभिमुखीकरण गर्ने।</td><td>१. घाइतेको तत्काल उपचार गर्न उद्धार कार्यदलसँगै विपद् प्रभावित क्षेत्रमा जाने,<br>२. घाइतेको प्राथमिक उपचार गरी आवश्यक परेमा स्वास्थ्य संस्थामा पठाउने।</td><td>१. महामारीजन्य रोगहरूको नियमित निगरानी गर्ने र सम्बन्धित निकायलाई जानकारी दिने,<br>२. स्वास्थ्य, सरसफाइ र जनस्वास्थय सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,<br>३. सामुदायिक द्रुत प्रतिकार्य टोलीसंग (CRRT) सहकार्य गर्ने।</td></tr>
<tr><td colspan="3">५.क्षति तथा आवश्यकता विश्लेषण कार्यदल</td></tr>
<tr><th>विपद् पूर्व</th><th>विपद्को समय</th><th>विपद् पश्चात</th></tr>
<tr><td>क्षति विश्लेषण<br>१. विपदपूर्व हुन सक्ने क्षतिको विवरण सङ्कलन गर्ने,<br>२. सम्भाव्य क्षति विश्लेषण नमुना फाराम तयार गर्ने,<br>३. क्षति विश्लेषण स्वयंसेवकहरूलाई तालिम दिने,<br>४. क्षति विश्लेषण स्वयंसेवकहरूलाई तयारी अवस्थामा राख्ने।</td><td>१.विपदबाट भएको क्षतिको लेखाजोखा गरी आपत्कालीन सहयोगको आवश्यकता पहिचान गर्ने,<br>२.उपलब्ध सूचनाका आधारमा सहयोगका लागि वडा स्तरीय विपद् विपद् तथा जलवायु उत्थानशील समितिमार्फत सम्बन्धित निकायलाई उपलब्ध गराउने।</td><td>१. क्षतिको विस्तृत विश्लेषणका लागि सूचना सङ्कलन गर्ने,<br>२. गरिएको कामको समिक्षा गरी कमी कमजोरीहरूलाई पत्ता लगाउने।</td></tr>
<tr><td colspan="3">६. लैङ्गिक समानता तथा संरक्षण कार्यदल</td></tr>
</table>

| विपद् पूर्व | विपद्को समय | विपद् पश्चात |
|---|---|---|
| १. मनोसामाजिक परामर्शदाताहरुको सुची अद्यावधिक गर्ने र तालिम संचालनको बन्दोबस्त मिलाउने, विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा तथा कार्यान्वयन तथा जनचेतना अभिवृद्धि र अन्य क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा लैङ्कि समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्ने,<br>२. लैङ्गिक समानता र संरक्षण सम्बन्धी अभिमुखीकरण गर्ने,<br>३. अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, महिला, गर्भवति, सुत्केरी महिला तथा वालबालीका मैत्री आश्रयस्थलको पहिचान र निर्माणमा विपद् तथा जलवायु उत्थानशील समितिलाई सहयोग गर्ने,<br>४. अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, महिला, गर्भवति र सुत्केरी महिला, दलित तथा वालबालीकालाई सुरक्षा सम्बन्धी पूर्वजानकारी एवं अभिमुखीकरण गर्ने। | १. विपद् प्रतिकार्यका दौरान हुन सक्ने भेदभाव, हिंसा, दुव्र्यवहार आदि घटनाको अनुगमन र पहिचान गर्ने,<br>२. विपदमा परेको समूदायको खण्डीकृत तथ्याङ्क संकलन गर्न सहयोग गर्ने,<br>३. घटना घटेको वा घट्न सक्ने अवस्थामा कानूनी सहयोग तथा परामर्शमार्फत् दोषीलाई कारवाही गर्न सकिने व्यवस्था मिलाउने,<br>४. विपद् प्रभावितलाई आवश्यकता अनुसार मनोपरामर्श दिने,<br>५. हराएका वा विछोडिएका परिवारको खोजी र पुनर्मिलनको लागि सहजीकरण गर्ने,<br>६. राहत वितरण गरिदा राहत सामाग्रीहरु बालबालीका, महिला, गर्भवति तथा सुत्केरी महिलाका लागि विशेष महिला मर्यादा सामाग्रीको व्यवस्था गर्न विपद् तथा जलवायु उत्थानशील समूहलाई आग्रह र सहयोग गर्ने। | १. विपदबाट प्रभावित व्यक्ति, परिवार र जोखिममा रहेका विभिन्न समूहमाथि विपद्को समय वा विपद् पश्चात् उत्पन्न हिंसा, शोषण, दुव्र्यवहार, भेदभाव एवं हेलामा परेका समूहलाई मानवीय मापदण्डका आधारमा संरक्षण प्रदान गर्नु। |

# खण्ड ५: योजनाको अनुगमन, मुल्यांकन तथा अध्यावधिकता

## ५.१ योजनाको अनुगमन तथा मुल्यांकन

समुदायमा विपद् तथा जलवायु उत्थानशील योजना बनाइसकेपछि यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय स्तरमा एक अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ। यस समितिले स्थानीय कार्यालयहरूसँग समन्वय गरी निर्धारित सिद्धान्तहरूको पालना गर्दै योजनाको नियमित अनुगमन र निश्चित अवधिमा मूल्याङ्कन गर्नेछ।

यस समितिले निर्देशिका अनुसार संचालित योजना तथा कार्यक्रमहरूको प्रगति निरीक्षण गर्ने, कार्यान्वयनका बेला देखिएका समस्याहरू पहिचान गरी समयमै समाधान गर्न सहयोग गर्नेछ। मूल्याङ्कन गर्दा योजनाको प्रासंगिकता, कार्यकुशलता, प्रभावकारिता, उपलब्धि र दीर्घकालीन प्रभाव जस्ता मापदण्डहरूको आधारमा गरिनेछ। यसले कार्यक्रमको गुणस्तर सुधार्न र भविष्यका लागि राम्रो योजना बनाउन मद्दत गर्नेछ।

क) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्दा स्थानीय विपद् तथा जलवायु उत्थानशील  योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

ख) अनुगमन समितिले स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यक्रमको समेत अनुगमन तथा मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन पालिका कार्यपालिकामा पेश गर्नेछ।

ग) स्थानीय विपद् तथा जलवायु उत्थानशील सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्दा स्वीकृत गरिएका अनुगमन सूचकहरू बमोजिम गरिनेछ।

घ) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई कार्यान्वयन गर्ने अन्य संस्थाहरूद्धारा सम्पादित कार्यको समेत सोहि समितिले अनुगमन तथा मूल्याङ्कन गर्नेछ र सोको प्रतिवेदन सम्बन्धित संस्था, स्थानीय तह तथा गाउँपालिकामा पेश गरिनेछ।

## ५.२ योजनाको अध्यावधिकता

यस योजना कार्यान्वयनका क्रममा भएका पाठ सिकाइ, अनुभव र चुनौती सुधार गर्नुपर्ने बिषयबस्तुलाई समावेस गरि सहज र प्रभावकारी बनाउनका लागि योजना बमोजिम बनाईएका कृयाकलापहरुलाई २/२ बर्षको अवधिमा वा आवश्यकता अनुसार स्थानीय तहले अध्यावधिक गर्नसक्ने छ ।

# अनुसुचिहरु

## अनुसुचि १ स्थानीय विपद् तथा जलवायू उत्थानशील समिति

### (क) बित्थडचिर गाउँपालिकाको स्थानीय विपद् तथा जलवायू उत्थानशील समितिको विवरण

| क्र स | नाम थर | पद | प्रतिनिधित्व | फोन नं. |
|---|---|---|---|---|
| १ | अमर सिंह महर | संयोजक | बित्थडचिर गा.पा. | ९८५१११५५१८ |
| २ | धनलक्ष्मी सिंह मल्ल | सदस्य | बित्थडचिर गा.पा. | ९८६८५८४४०९ |
| ३ | मन्नो बोहरा | सदस्य | बित्थडचिर गा.पा.१ | ९८६४८०२७१५ |
| ४ | मान बहादुर बोहरा | सदस्य | बित्थडचिर गा.पा. २ | ९८६८५४७०११ |
| ५ | गणेश बहादुर बोहरा | सदस्य | बित्थडचिर गा.पा. ३ | ९७४८८५२०१२ |
| ६ | कलक बहादुर बोहरा | सदस्य | बित्थडचिर गा.पा. ४ | ९८६८५४७०८३ |
| ७ | अनिल सिंह महर | सदस्य | बित्थडचिर गा.पा. ५ | |
| ८ | हरिश खडका | सदस्य | बित्थडचिर गा.पा. ६ | ९८६८५४७०२३ |
| ९ | दिनेश बहादुर अधिकारी | सदस्य | बित्थडचिर गा.पा. ७ | ९८४८६२५७३३ |
| १० | सुशील बहादुर अधिकारी | सदस्य | बित्थडचिर गा.पा. ८ | ९८४७२८९५०७ |
| ११ | हरिशचन्द्र जोशी | सदस्य | बित्थडचिर गा.पा. ९ | ९८४३७०४३६८ |
| १२ | पदमराज उपाध्याय | सदस्य | रेडक्रस, बित्थडचिर | ९८६५९०६५९६ |
| १३ | धर्म बहादुर मल्ल | सदस्य | ने.का. प्रतिनिधि | |
| १४ | दिपेन्द्र बोहरा | सदस्य | नेकपा एमाले प्रतिनिधि | ९८६८५४४७५५ |
| १५ | बसन्तराज अवस्थि | सदस्य | माओवादी प्रतिनिधि | |
| १६ | कृष्ण जोशी | सदस्य | नेकपा एस प्रतिनिधि | ९८६८७६३४७५ |
| १७ | रघुनाथ जोशी | सदस्य | नेरेसो प्रतिनिधि | ९८४२३६०४०४ |
| १८ | भरत सिंह बोहरा | सदस्य | प्रहरी बेस, देउलेख | |
| १९ | माधव प्रसाद अवस्थि | सदस्य सचिव | बित्थडचिर गा.पा. | |

### ख) स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य तथा अधिकार

स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको काम कर्तव्य र अधिकार निम्नअनुसार हुनेछः

- गाउँपालिका क्षेत्रको विपद् तथा जलवायु उत्थानशील योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन र पुनरावलोकन गर्ने,
- योजना तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको विपद् उत्थानशील समुदायहरुको न्यूनतम आधारहरुलाई ध्यान दिनु पर्ने,
- गाउँपालिकाको वडाहरुमा वडास्तरीय र समुदायस्तरमा सामुदायिक विपद तथा जलवायु उत्थानशील समितिको गठन गर्ने। यसरी गठन गर्दा साविकमा रहेका समुदाय स्तरका सामुदायिक विपद्

व्यवस्थापन समितिलाई आवश्यकता अनुसार परिमार्जन पनि गर्न सकिनेछ  र स्थानीयतहमा गठन हुने विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अन्य समिति तथा उपसमितिलाई सहयोग पुर्‍याउने,

- गाउँपालिका स्तरका कर्मचारी, समुदायमा आधारित विपद् तथा जलवायु उत्थानशील समिति सदस्य, नागरिक समाजका प्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिलाई विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी प्रशिक्षण लिने वा दिने व्यवस्था मिलाउने,
- विपद् व्यवस्थापनका लागि स्थानीयस्तरमा विपद तथा जलवायु उत्थानशील कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने,
- विकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापन तथा जलवायु अनुकूलनलाई मूलप्रवाहिकरण गर्ने,
- विपद तथा जलवायु उत्थानशील योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजनका लागि पहल गर्ने,
- संघ तथा प्रदेशस्तरबाट जारी भएका  नीति, निर्देशन तथा मापदण्डहरु कार्यान्वयन गर्ने, गराउने,
- सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु योजनामा समावेश गर्ने,
- विपद तथा जलवायु उत्थानशील योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सबै सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गर्ने, आवश्यकता अनुरुप संकटासन्न वडा र समुदायहरुमा विपद् तथा जलवायु उत्थानशील समिति, पूर्वतयारी तथा प्रतिकार्यका लागि कार्यदलहरु गठन गरी क्षमता अभिवृद्धि गर्ने,
- विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत तथा प्रतिकार्यको व्यवस्था मिलाउने,
- गाउँपालिकाका लागि विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी आवश्यक नीति, निर्देशिका तथा कार्यविधी तयार गर्ने,
- विपद तथा जलवायु परिवर्तनको प्रभावबाट विस्थापित समुदायलाई पुनःस्थापन गर्न वातावरण तथा विपद् व्यवस्थापन उप समितिलाई निर्देशन दिने,
- गाउँपालिका  स्तरको प्रकोप तथा जलवायुजन्य जोखिम नक्सांकन गर्ने,
- विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने, गराउने,
- विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई समावेशी र सहभागितामूलक बनाउन निम्न अनुसारका अन्तर्निहित क्षेत्रलाई प्राथमिकतामा राख्नेः
  - ✓ लैङ्गिक समानता,
  - ✓ सामाजिक समावेशीकरण,
  - ✓ बालबालीका, किशोकिशोरी, गर्भवती,  सुत्केरी महिला
  - ✓ ज्येष्ठ नागरिक
  - ✓ अपङ्गता भएका व्यक्ति तथा संस्थाको प्रतिनिधि तथा सीमान्तिकृत समुदायको पहुँच,
  - ✓ जीविकोपार्जनका वैकल्पिक क्षेत्रको पहिचान र पछाडि पारिएका वर्गको पहुँच,

- ✓ प्रभावित समुदायको मानवअधिकारको संरक्षण,
- ✓ प्रतिकार्यमा न्यूनतम मापदण्डको सुनिश्चितता,

- राहात, प्रतिकार्य र पुनस्थापना प्रकृयामा अबिभेद तथा सामन्यायिकताको सुनिश्चितता स्थानीय सरकार संचालन ऐन २०७४, विपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ तथा प्रचलित नेपाल कानुन बमोजिम संघीय तथा प्रदेश सरकार, जिल्ला समन्वय समिति, जिल्ला विपद् व्यवस्थापन समिति, अन्य स्थानीय तह, स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, दातृ संस्था र निजी क्षेत्रसँग समन्वय गर्ने।

### ग) योजना तर्जुमा तथा समन्वय समितिको गठनः

स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले योजना तर्जुमा तथा समन्वय समिति गठन गर्नुपर्नेछ। समितिले कार्य सम्पादन गर्दा गाउँपालिकामा कार्यरत सामाजिक परिचालक, प्राविधिक कर्मचारीहरू, शिक्षक, स्थानीय स्तरमा विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी ज्ञान भएका व्यक्तिहरुबाट आवश्यक सहयोग लिन सक्नेछ।

योजना तर्जुमा तथा समन्वय समितिको काम, कर्तव्य तथा अधिकार

- विपद् तथा जलवायु उत्थानशील योजना तथा कार्यक्रम तर्जुमा गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिमा पेश गर्ने,
- स्थानीय तहको आवधिक, बार्षिक तथा अन्य योजना तर्जुमा गर्दा विपद् तथा जलवायु उत्थानशील योजनाले निर्धारण गरेका क्रियाकलापहरुलाई मूलप्रवाहीकरण गर्ने,
- विपद् तथा जलवायु उत्थानशीलका लागि मूल समितिसँग नियमित, सम्पर्क, समन्वय, छलफल गर्ने,
- योजना तर्जुमा प्रक्रियामा जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र विषयगत विभाग/शाखा, गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन समिति, विद्यालय विपद् व्यवस्थापन समिति, स्थानीय स्तरमा विपद् तथा जलवायु उत्थानशीलता सम्बन्धी ज्ञान भएका व्यक्तिहरु सहित अन्य सरोकारवाला निकायसँग नियमित समन्वय गरी सुझाव लिने,
- गाउँपालिका तथा वडास्तरमा सञ्चालन गरिने सहभागितामूलक सङ्कटासन्नता तथा क्षमता विश्लेषणका लागि तथ्याङ्क तथा सूचना सङ्कलन गरी विश्लेषण गर्ने,
- योजना तर्जुमा प्रक्रियाको हरेक चरणमा आर्थिक रूपमा पछाडि परेका, विपद्को जोखिममा रहेका तथा अति प्रभावित समूह, विपन्न वर्गका महिला एवं बालबालीका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी महिला, दलित, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरू, एकल महिला, नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदायको सहभागितालाई सुनिश्चित गर्ने,
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा अन्य समितिहरुसँग समन्वय गर्ने ।

## अनुसुचि २ स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्दा भएका निर्णयहरु

आज मिति २०८२ जेठ २५ गतेका दिन वित्थड चीर गा.पा. उपाध्यक्ष श्री धनलक्ष्मी सिंह महरको अध्यक्षतामा UNFPA को सहयोग नेपाल रेडक्रस सोसाइटीको सहायतमा स्थानीय स्तरको विपद पूर्व-तयारी तथा प्रतिकार्य योजना निर्माणको पारामर्श बैठक देहायको उपस्थितिमा तपसिलको निर्णय गरी सम्पन्न गरियो।

तपसिल

१- अध्यक्षता : श्री धनलक्ष्मी सिंह महर
२- अतिथि : श्री रामदत्त उपाध्याय
३- ,, श्री मकरराज जोशी
४- श्री गणेश व बोहरा (वडा अध्यक्ष)
५- श्री अनिल सिं महर ,,
६- श्री दिनेश बहादुर अधिकारी ,,
७- [illegible] श्री सुशील अधिकारी ,,
८- श्री रोगड कामी (का.पा.स)
९ श्री अनिल सिंह महर
१०. [illegible] श्री नरेन्द्र बिष्ट (का.प)
११ श्री राजेन्द्र प्रसाद भट्ट (प्रा०स०) वित्थडचिर गा.पा. बझाङ
१२. श्री सन्तोष जोशी (सूचना प्रविधि अधिकृत)
१३. श्री जय ब. थापा (सो.वि.)
१४. श्री सरिता कुमारी अवस्थी (स.म.वि.वि.
१५. श्री रमेश बहादुर विष्ट प्रशासकीय अधिकृत
१६. श्री खगेन्द्र बहादुर मल्ल इन्जिनियर
१७. माधव प्रसाद ज्ञवाली विपद फोकल पर्सन
१८ मान बा. बोहरा
१९ देविकि देवी बोहरा
२० उतरा देवी अधिकारी स.प.
२१ दर्क बहादुर धामी (MIC)
२२ संजय शाही कार्यक्रम संयोजक, UNFPA
२३. श्याम जी नेपाली शाखा अधिकृत रेडक्रस

२३- मान सिंह रावल रेडक्रस शाखा सदस्य [signature]
२४ विमला स्याँडा का.वा. वडाअध्यक्ष ६ [signature]
२५ महामती अधिकारी का.स. [signature]
२६ धनबहादुर स्याँडो ने रे सोसाइटी शाखा सुनकुडा [signature]
२७ नरेन्द्र प्रसाद का.प्र. ने रे सो. केन्द्र [signature]
२८ चन्द्र महर का.स. [signature]
२९. भीम ब. बोहरा विठ्ठडचौर सदस्य [signature]
३०-

१) प्रस्ताव नं. १ मा विठ्ठडचौर गाउँपालिकाको अनुरोधमा UNFPA को सहयोगमा नेपाल रेडक्रस सोसाइटीको सक्रियतामा स्थानीय स्तरको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने प्रारम्भिक कार्यशाला गोष्ठी यस पालिकाका जनप्रतिनिधि र सरोकारवालाहरूको उपस्थितिमा विपदको वर्गीकरण र प्रतिकार्य योजनाका विभिन्न ढाँचाहरूमा समूह छलफल गरी सम्पन्न गरियो।

२) स्थानीय स्तरको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माणका लागि तपसिलका ५ सदस्यीय प्राविधिक कार्य समूह गठन गर्ने निर्णय गरियो।

तपसिल

१. संयोजक: श्री दिनेश अधिकारी वडा अध्यक्ष 9848625733
२. सदस्य: श्री गणेश शाही UNFPA ५८०१२४६८६४
३. " : श्री माधव अवस्थी विपद फोकल पर्सन ९८६५५३८१२७
४ " : श्री सन्तोष जोशी सूचना अधिकारी ९८४३२२०६४३
५. " : श्री धन ब स्याँडा नेरेसो अध्यक्ष सुनकुडा 986859400

३) स्थानीय स्तर विपद पूर्वतयारी तथा प्रतिकार्य योजना विभिन्न प्राविधिक कार्य समूहले तयार गरेको मस्यौदालाई अन्तिम रूप दिई योजना प्रमाणिकरण गर्न अन्तिम कार्यशाला गोष्ठी २०८२ आषाढ १५ मा गर्ने निर्णय गरियो।

[signature]

## अनुसुचि ३ योजना तर्जुमा गर्दा खिचिएका केही फोटोहरु

| | |
|---|---|
|  |  |
|  |  |

## अनुसुचि ४ विपद् सम्बन्धित शब्दावलीहरू

| | |
|---|---|
| प्रकोप (Hazard) | एक प्रक्रिया, दृश्य, मानव क्रियाकलाप वा परिस्थिति जसले जनधनको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्य सम्बन्धी असरहरू, सम्पतीमा क्षति साथै आर्थिक, सामाजिक र वातावरणीय अवरोध ल्याउन सक्छ। |
| विपद् जोखिम न्यूनीकरण (Disaster Risk Mininize) | विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनिकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ। |
| विपद् पुनर्लाभ (Disaster Recovery) | विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम पुनस्र्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ। |
| उत्थानशील (Resilance) | "उत्थानशीलता" भन्नाले प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित क्षमता जसले प्रकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढंगले प्रतिरोध, शमन वा समायोजन गर्नुका साथै पूर्वास्थामा फर्कन सामर्थ गराउँछ । यस अन्तर्गत आधारभूत संरचनावा सेवा-प्रणालीको संरक्षण एवं पुनस्र्थापना लगायत पर्दछन् । विपद् खोज तथा उद्धार समूह विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्द्धले मानवीय सहायताकर्मीलाई समेत जनाउँछ। |
| विपद् व्यवस्थापन (Disaster Management) | विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पूनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ। |
| विपद् (Disaster) | विपद् भन्नाले कुनै स्थानमा आपत्कालिन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्दछ। |
| संकटासन्नता (Vulanerability) | तुलनात्मक रुपमा कम क्षमता भएका त्यस्तो व्यक्ति वा सामाजिक समूह जो सङ्ग सम्भावित प्रकोपको सामना, रोकथाम गर्न र पुनस्थापित हुन कुनै स्रोत साधन र उपाय हुदैन भने त्यसलाई संकटासन्नता भनिन्छ । वा संकटासन्नता भन्नाले खतरामा भएका हुनसक्ने जोखीमका तत्वहरु वा जोखीमको अवस्थामा रहेका व्यक्तिहरु भन्ने बुझिन्छ। |

| | |
|---|---|
| सम्मुखता (Exposure) | प्रकोपबाट विपद् उत्पन्न हुन सक्ने क्षेत्रतर्फ उन्मुख रहेका मानिस, सम्पत्ति, प्रणाली वा अन्य तत्वहरूको उपस्थितिलाई नै सम्मुखता भनिन्छ। ती तत्वहरू प्रकोपको सम्मुख हुन्छन् र प्रकोपबाट उत्पन्न हुन सक्ने विपद्बाट प्रभावित हुन सक्दछन्। |
| क्षमता (Capacity) | संस्था, समुदाय वा समाज संग उपलव्ध भएको सवै प्रकारका बलिया पक्षहरु, विशेषताहरु, श्रोतहरुको समग्र पक्ष जस्ले विपदको जोखिम कम गर्न, व्यवस्थापन गर्न र उत्थानशिलता बलियो बनाउँछ। |
| विपद् जोखिम (Disaster Risk) | कुनै निश्चित समयमा प्रकोप, सम्मुखता, संकटासन्नता र क्षमताको अन्तरक्रियाबाट समुदाय अवथा समाजमा मृत्यु हुन सक्ने, घाइते हुन सक्ने र सम्पतीको क्षतिहुन सक्ने संभावित अवस्था। |
| रोकथाम (निवारण) (Prevention) | अहिले अवस्थित रहेको जोखिम र नयां विपदको जोखिम हुन नदिने क्रियाकलापहरु र उपायहरु। |
| अल्पीकरण (Mitigation) | विपद्मा पर्नु भन्दा पहिले विपद्को असर वा प्रभावलाई कम वा न्यून गर्नका लागि संचालन गरीने कार्य वा उपायहरुलाई अल्पीकरण भनिन्छ। यस अनर्तगत संरचनात्मक र गैर संरचनात्मक अल्पीकरणका कार्य वा उपायहरु पर्दछन। |
| अनूकुलन (Adoptation) | जलवायु परिवर्तनका नकारात्मक असरहरूसँग घुलमिल हुनसक्ने गरी अर्थपूर्ण वातावरण सिर्जना गर्न गरिने कार्यहरु। विपद् प्रतिकार्य विपद्को घटना घट्ना साथ तत्कालै गरिने खोज, उद्धार एवम राहात सँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शव्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाँउछ। |
| पूर्वतयारी (Preparedness) | सम्भावित वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असरहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्नसक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, प्रति कार्य तथा पुनर्लाभमा काम गर्ने संस्था, समुदाय र स्वयंसेवक व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता। |

## अनुसुचि ५ बित्थडचिर गाउँपालिकाको जनप्रतिनिधिको बिवरण

### (क) बित्थडचिर गाउँपालिका कार्यपालिका पदाधिकारीको बिवरण

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | अमर सिंह महर | अध्यक्ष | ९८५१११५५१८ |
| २ | धनलक्ष्मी सिंह मल्ल | उपाध्यक्ष | ९८६८५८४४०९ |
| ३ | मन्नो बोहरा | का.पा. सदस्य | ९८६४८०२७१५ |
| ४ | मान बहादुर बोहरा | का.पा. सदस्य | ९८६८५४७०११ |
| ५ | गणेश बहादुर बोहरा | का.पा. सदस्य | ९७४८८५२०१२ |
| ६ | कलक बहादुर बोहरा | का.पा. सदस्य | ९८६८५४७०८३ |
| ७ | अनिल सिंह महर | का.पा. सदस्य | |
| ८ | हरिश खडका | का.पा. सदस्य | ९८६८५४७०२३ |
| ९ | दिनेश बहादुर अधिकारी | का.पा. सदस्य | ९८४८६२५७३३ |
| १० | सुशील बहादुर अधिकारी | का.पा. सदस्य | ९८४७२८९५०७ |
| ११ | हरिशचन्द्र जोशी | का.पा. सदस्य | ९८४३७०४३६८ |
| १२ | देवकी देवी बोहरा | का.पा. सदस्य | |
| १३ | हरिना देवी बारहरा | का.पा. सदस्य | |
| १४ | प्रमिला जोशी | का.पा. सदस्य | |
| १५ | गोमती जोशी-अवस्थी | का.पा. सदस्य | |
| १६ | रोगडो कामी | का.पा. सदस्य | ९८६८५९३७९७ |
| १७ | बिरजीत चुनारा | का.पा. सदस्य | |
| १८ | पदमराज उपाध्याय | सदस्य सचिव | ९८६५९०६५९६ |

## (ख) वडा जनप्रतिनिधिको बिवरण

**वडा नं. १**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | मन्नो बोहरा | वडा अध्यक्ष | 9864802715 |
| २ | देवकी देवी बोहरा | महिला सदस्य | 9865914518 |
| ३ | कुटुरी देवी कामी | दलित महिला सदस्य | 9849745998 |
| ४ | अम्मर बोहरा | सदस्य | 9868584662 |
| ५ | जनक बहादुर बोहरा | सदस्य | 9868559060 |

**वडा नं. २**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | मान बहादुर बोहरा | वडा अध्यक्ष | 9868547011 |
| २ | गोल्के देवी बोहरा | महिला सदस्य | 9860595938 |
| ३ | झिल्का बि.क. | दलित महिला सदस्य | 9848242236 |
| ४ | गगन बहादुर बोहरा | सदस्य | 9865960598 |
| ५ | मान बहादुर बोहरा | सदस्य | 9843402963 |

**वडा नं. ३**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | गणेश बहादुर बोहरा | वडा अध्यक्ष | 9848852012 |
| २ | हरिना देवी बोहरा | महिला सदस्य | 9865624625 |
| ३ | कुटुरी देवी कामी | दलित महिला सदस्य | 9744292800 |
| ४ | लक्ष्मी देवी बोहरा | सदस्य | 9865690239 |
| ५ | नरेन्द्र बोहरा | सदस्य | 9848243445 |

**वडा नं. ४**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कलक बहादुर बोहरा | वडा अध्यक्ष | 9868547083 |
| २ | अस्मिता कुमारी चुनारा | महिला सदस्य | 9865627022 |
| ३ | जस्मा देवी कामी | दलित महिला सदस्य | 9749960751 |
| ४ | नरेन्द्र ढाँट | सदस्य | 9865958788 |
| ५ | गंगा देवी बोहरा | सदस्य | 9843328148 |

**वडा नं. ५**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | अनिल सिंह महर | वडा अध्यक्ष | 9864984524 |
| २ | रतना देवी महर | महिला सदस्य | 9848255517 |
| ३ | जलु वि.क. | दलित महिला सदस्य | 9749960738 |
| ४ | करे महर | सदस्य | 9863106455 |
| ५ | अम्मर सिंह धामी | सदस्य | 9868969613 |

**वडा नं. ६**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | हरिश खड्का | वडा अध्यक्ष | 9868547023 |
| २ | विमला स्याँडा | महिला सदस्य | 9868846809 |
| ३ | रंगा देवी लुहार | दलित महिला सदस्य | 9848852028 |
| ४ | पिपला बोहरा | सदस्य | 9845760923 |
| ५ | कलसा देवी धामी | सदस्य | 9844419508 |

**वडा नं. ७**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | दिनेश बहादुर अधिकारी | वडा अध्यक्ष | 9848625733 |
| २ | परमिली देवी जोशी | महिला सदस्य | 9863648332 |
| ३ | रेखा नेपाली | दलित महिला सदस्य | 9844688925 |
| ४ | मुकुन्द राज जोशी | सदस्य | 9868455679 |
| ५ | नरेश बहादुर विष्ट | सदस्य | 9868576174 |

**वडा नं. ८**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | शुशिल बहादुर अधिकारी | वडा अध्यक्ष | 9848247206 |
| २ | गोमती जोशी-अवस्थी | महिला सदस्य | 9868497123 |
| ३ | बाटुली देवी दमाई | दलित महिला सदस्य | 9842230367 |
| ४ | राम प्रसाद अवस्थी | सदस्य | 9866967915 |
| ५ | जय राज अवस्थी | सदस्य | 9868713658 |

**वडा नं. ९**

| क्र. स. | जनप्रतिनिधिको पुरा नाम, थर | निर्वाचित भएको पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | हरिश्चन्द्र जोशी | वडा अध्यक्ष | 9843704368 |
| २ | अनुसा कुमारी विष्ट | महिला सदस्य | 9845595265 |
| ३ | विर्मा देवी दमाई | दलित महिला सदस्य | 9840778271 |
| ४ | लाल बहादुर विष्ट | सदस्य | 9865974494 |
| ५ | मान सिंह रावल | सदस्य | 9865751238 |

## अनुसुचि ५ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तयार प्राविधिक कार्य समूह

| क्र. स. | प्राविधिक कार्य समूहका सदस्यहरूको नाम | पद र संस्था | सम्पर्क नं. |
|---|---|---|---|
| १ | दिनेश शधिकारी | वडा अध्यक्ष, बित्थडचिर गाउँपालिका | ९८४८६२५७३३ |
| २ | गणेश शाही | कार्यक्रम संयोजक, **UNFPA** | ९८०१२४७८६४ |
| ३ | माधव अवस्थि | विपद् सम्पर्क ब्यक्ति, बित्थडचिर गाउँपालिका | ९८६५५३८१२६ |
| ४ | सन्तोष जोशी | सूचना प्रविधि अधिकृत, बित्थडचिर गाउँपालिका | ९८४३२२०६७३ |
| ५ | धन बहादुर स्याँडा | सदस्य, उप शाखा, नेपाल रेडक्रस सोसाइटी | ९८६८५९४००२ |

### सन्दर्भ सामग्रीहरु


१. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४

२. स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८

३. स्थानीय सरकार संचालन ऐन २०७४

४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनितिक कार्ययोजना २०१८ देखी २०३०

५. फ्ल्यागसिप ४ हातेपुस्तिका

६. बित्थडचिर गाउँपालिकाको आधिकारिक वेवसाइट

७. राष्ट्रिय जनगणना २०७८

८. बित्थडचिर गाउँपालिकाका बिभिन्न शाखा

UNFPA

Nepal Red Cross Society